३

मेरो नेपाली

कक्षा ३

मेरो नेपाली

कक्षा ३

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN: 978-99933-717-9-3

© सर्वाधिकार प्रकाशकमा

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा निहित छ। केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन।

पहिलो संस्करण : वि. सं. २०४९
परीक्षण संस्करण : वि. सं. २०६२
परिमार्जित संस्करण : वि. सं. २०६४
पुनर्मुद्रण : वि. सं. २०६६
पुनर्मुद्रण : वि. सं. २०६७
पुनर्मुद्रण २०६८

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर

मूल्य : ३०।२५

यस पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ। पाठकहरूबाट आउने सुझावलाई यो केन्द्र स्वागत गर्छ।

हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । विद्यार्थीमा राष्ट्र र राष्ट्रियताप्रति एकताको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपको विकास गरी विज्ञान, सूचनाप्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सीपका माध्यमले कलासौन्दर्यप्रति अभिरुचि जगाउनु, सिर्जनशील सीपको विकास गराउनु र विभिन्न जातजाति, लिङ्ग, धर्म, भाषा, संस्कृतिप्रति समभाव जगाई सामाजिक मूल्य र मान्यताप्रतिको सहयोगात्मक र जिम्मेवारीपूर्ण आचरण विकास गराउनु आजको आवश्यकता बनेको छ । यही आवश्यकता पूर्तिका लागि शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षबाट परिमार्जन गरिएको प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार यस पाठ्यपुस्तकको विकास एवम् परिमार्जन गरेर परीक्षणसमेत गरी प्राप्त पृष्ठपोषण समेटेर पुनः संयोजन गरी देशभर लागू गरिएको छ ।

यस कक्षामा आइपुग्दा विद्यार्थीले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको आधारभूत विकास गरिसकेका हुन्छन् । यसलाई स्थायित्व दिन सकेमा भाषा सिकाइ प्रभावकारी हुन्छ । यसै पक्षलाई दृष्टिगत गरी यसमा भाषिक सीप विकासका लागि पर्याप्त अभ्यास राखिएका छन् । यसमा मौजुदा पाठ्यपुस्तक अध्ययन अध्यापनका क्रममा विद्यार्थी र शिक्षकलाई परेका कठिनाइ समाधान गर्ने सामग्रीसमेत समावेश गरी शिक्षकलाई आवश्यक शिक्षण निर्देशन दिइएको छ । परीक्षणबाट प्राप्त रायसुझावबाट अझै परिष्कृत र परिमार्जित गरी यस पुस्तकलाई भरसक त्रुटिरहित र प्रभावकारी बनाउने प्रयास गरिएको छ । वि.सं. २०४९ मा दिवाकर ढुङ्गेल र उषा दीक्षितले लेख्नुभएको पाठ्यपुस्तकलाई हरिबोल खनाल, प्रा. डा. केदारप्रसाद शर्मा, द्रोण दाहाल, जयप्रसाद लम्साल, शिवप्रसाद उप्रेती, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी र शिवराज उपाध्यायद्वारा लेखन, परिमार्जन तथा सम्पादन गराई यस रूपमा तयार गरिएको हो । यसको भाषासम्पादन द्रोण दाहाल र शम्भु दाहालले, टाइपसेटिङ जयराम कुइँकेलले, चित्राङ्कन गङ्गाधर शारूले, आवरणपृष्ठ हिमालय गौतमले तथा लेआउट डिजाइन नवीन्द्रमान राजभण्डारीले गर्नुभएको हो । उहाँहरूलगायत यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न विषय समितिका पदाधिकारी एवम् अन्य सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षणसिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सिकाइउपलब्धिलाई विविध स्रोत र साधनको प्रयोग गरी अध्ययन अध्यापन गर्न सक्छन् । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ तथापि यसमा भाषाशैली, विषयवस्तु तथा प्रस्तुति र चित्राङ्कनका दृष्टिले अझै कमीकमजोरी रहेका हुन सक्छन् । तिनको सुधारका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

विषयसूची

पाठ	शीर्षक	पृष्ठ सङ्ख्या
पाठ १	मेरो देश (कविता)	१
पाठ २	ढुङ्गाको खिचडी (कथा)	५
पाठ ३	म को हुँ ? (प्रबन्ध)	१४
पाठ ४	किताब (कविता)	२०
पाठ ५	अनौठो परीक्षा (कथा)	२४
पाठ ६	हाटबजार (संवाद)	३०
पाठ ७	खेतीवाल (कविता)	३६
पाठ ८	नयाँ वर्षको उपहार (कथा)	४१
पाठ ९	खेर नफालौँ (प्रबन्ध)	५०
पाठ १०	नेपाली (कविता)	५५
पाठ ११	महाकवि देवकोटा (जीवनी)	५९
पाठ १२	अचम्मको कुरा (संवाद)	६३
पाठ १३	घामछाया (कविता)	७०
पाठ १४	बाँदर र गोही (कथा)	७४
पाठ १५	सगरमाथा (प्रबन्ध)	८१
पाठ १६	सानु छ है सानु (कविता)	८७
पाठ १७	वीरमानका दिन फर्किए (प्रबन्ध)	९०
पाठ १८	छट्टु बटुवा (कथा)	९६

पाठ १

मेरो देश

– सोफिया बानो

कति खोजेँ देश मैले बोकी मानचित्र
आखिरमा देश पाएँ आफ्नै छातीभित्र
देश हेर्न लेक, बेँसी, तराई सबै धाएँ
बुझ्दाखेरि आफ्नो देश आफैँसित पाएँ



जुन दिन छातीभित्र देश मैले भेटेँ
डाँडाकाँडा जतातत्तै देशैदेश देखेँ
मेची, कोसी, सेती, काली, कर्णालीका तीर
आफ्नै रगत बगे जस्तो आफ्नै मुटुनिर

पहाड, मधेश, हिमाल सबै मेरो घरबार
सबै जात, सबै वर्ग मेरो परिवार
नेपालीको आँसु पुछ, देशले मलाई भन्छ
नेपाललाई बिर्सेँ भने कसले मलाई गन्छ ?



शिक्षण निर्देशन :

१. यो कविता शिक्षण गर्दा माथिको चित्रका बारेमा छलफल गराउनुहोस् ।

२. कविता लयबद्ध रूपमा गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई सामूहिक रूपमा गाउन लगाउनुहोस् र अन्त्यमा एकल रूपमा गाउन लगाउनुहोस् । यसबाट मूलतः लयबोध गराउनुहोस् ।

३. कविता वाचनसँगसँगै छोटाछोटा प्रश्न सोधेर छलफलसमेत गराउनुहोस् ।

अभ्यास

१. शिक्षकले भनेको सुन र तिमी पनि भन :

मानचित्र बेँसी डाँडाकाँडा कर्णाली वर्ग

२. माथिको कविता लय हालेर गाऊ ।

३. शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
मानचित्र	समूह
बेँसी	पहाडको माथिल्लो भाग
लेक	नक्सा
तीर	पहाडको तल्लो भाग
मधेश	नदीको किनार
वर्ग	तराई

४. पढ र लेख :

चित्र भित्र	धाएँ पाएँ	भेटेँ देखेँ
तीर निर	घरबार परिवार	भन्छ गन्छ

५. तलका प्रश्नको उत्तर देऊ :

(क) देश कहाँ रहेछ ?

(ख) देश कहाँकहाँ देखिने रहेछ ?

(ग) कवितामा कुनकुन नदीका नाम छन् ?

(घ) देशका परिवार कोको हुन् ?

(ङ) नेपाललाई बिर्स्यो भने के हुन्छ ?

६. तलका शब्दको उल्टो अर्थ दिने शब्द लेख :

बँसी	तराई	सम्झैं	रात	हराएँ

दिन रात

बिर्सैं .....

पाएँ .....

लेक .....

पहाड .....

७. खाली ठाउँमा छुटेका शब्द भरी सार :

नेपालीको ..... पुछ, देशले ..... भन्छ

नेपाललाई ..... भने ..... मलाई गन्छ

८. उदाहरण हेरी समूहमा नमिल्ने शब्दमा घेरा लगाऊ :

उदाहरण :

लेक, बेँसी, तराई, (पराई)

(क) मेची, सेती, काली, कैली

(ख) टोपी, छाती, मुटु, टाउको

(ग) आँसु, रगत, पसिना, पानी

(घ) घरबार, जहान, छिमेक, परिवार

९. उत्तर भन :

(क) तिमीले कुनकुन खोला वा नदी देखेका छौ ?

(ख) हिमाल, पहाड, तराईमध्ये तिमीलाई कुन मन पर्छ ?

१०. शिक्षकको सहयोग लिएर तिम्रो गाउँ वा सहरका बारेमा केही कुरा लेख र साथीलाई सुनाऊ ।

पाठ २

ढुङ्गाको खिचडी

साँझको वेला थियो । एकजना बटुवा एउटी बूढीको घरमा वास माग्न आइपुग्यो । उसले बूढीसँग नम्र स्वरमा भन्यो, "आमा ! वास पाइन्छ कि ?"

बूढी जाती थिइन । ऊ कसैलाई केही पनि दिन्नथी । उसले बटुवालाई वास नदिने विचार गरी र भनी, "कहाँ वास पाउनु ! यहाँ आफूलाई त बस्ने ठाउँ छैन । जाऊ, अरूकै घरमा वास माग ।"

त्यहाँ वरपर कुनै घर थिएनन् । अन्तै गएर वास माग्ने समय पनि थिएन । बटुवाले यही कुरो बूढीलाई भन्यो, "आमा !

वरपर कुनै घर छैनन् । रात परिसक्यो । मलाई पिँढीमै बस्न दिए पनि हुन्छ ।”

बटुवाले वास नबसी नछोड्ने भयो भन्ने ठानी बूढीले भनी, “हेर नानी, भैगो वास त बस तर खानेकुरा चाहिँ केही पनि पाउँदैनौ नि ।”

बटुवाले पिँढीमा बस्दै भन्यो, “खानेकुराको केही चिन्ता लिनुपर्दैन आमा ! आज म ढुङ्गो पकाएर खान्छु ।”

"के रे !" बूढी छक्क परी । ढुङ्गो पकाएर खाने मान्छे त उसले देखेकी त के, सुनेकी पनि थिइन ।

"ढुङ्गो पकाएर खान्छु रे !" बूढीले अचम्म मान्दै भनी ।

बटुवाले झोलाबाट एउटा ढुङ्गो झिक्दै उत्तर दियो, "हो आमा, मसँग एउटा ढुङ्गो छ । म त्यही ढुङ्गो पकाएर खान्छु । यो ढुङ्गो अति नै मीठो हुन्छ । बरु एउटा भाँडो पाए हुन्थ्यो ।"

यसले क़सरी पकाउँदो रहेछ हेर्नुपर्‍यो भनेर बूढीले एउटा भाँडो दिई । उसले पानी पनि दिई । उसले भनी, "ल पकाऊ । अलिकति मलाई पनि देऊ है !"

बटुवाले चम्का लगाएर आगो बाल्यो । उसले भाँडामा पानी हालेर ढुङ्गो बसाल्यो । पानी उम्लन लागेपछि उसले भन्यो, "अलिकति नुन पाए खुब स्वादिलो हुन्थ्यो !"

बूढीले नुन ल्याएर दिई ।

बटुवाले फेरि भन्यो, “यसमा अलिकति दाल र चामल पनि मिसाउन पाए त यो झन् स्वादिलो हुन्थ्यो । आमासँग दालचामल छ कि !”

बूढीले भित्र गएर दाल, चामल र बेसार ल्याई । बटुवाले त्यो दाल, चामल र बेसार पानीमा हाल्यो ।

एक छिनपछि खिचडी छड्कन थाल्यो । उसले बूढीलाई देखाउँदै भन्यो, “आहा ! क्या राम्रो खिचडी बन्यो ! यसमा अलिकति घिउ हाल्न पाए कस्तो हुन्थ्यो, हगि आमा !”

बूढीलाई पनि खिचडी खान मन लाग्यो । हतारहतार भित्र गएर उसले एक डाडु घिउ लिएर आई ।



बूढी घिउ लिन गएका वेलामा बटुवाले ढुङ्गो झिकेर फालिदियो ।

बटुवाले खिचडीमा घिउ हालेर राम्ररी पकायो । उसले खिचडी बूढीलाई पनि दियो र आफूले पनि खायो । ढुङ्गाको खिचडी भनेर आफू जिल्लिएको बूढीलाई थाहै भएन ।

शिक्षण निर्देशन :

१. यो कथा पढाउनुअघि कथासँग सम्बन्धित प्रश्नहरू सोधी कथाप्रति अभिरुचि जगाउनुहोस् । जस्तै :

- तिमी कतै गएर वास बसेका छौ ?
- वास बस्दा तिमीले के खाएका थियौ ?
- तिमीले खिचडी खाएका छौ ? आदि ।

२. सुरुका एकदुई अनुच्छेद नमुना वाचन गरी विद्यार्थीहरूलाई सुनाउनुहोस् । त्यसपछि सोहीअनुसार विद्यार्थीहरूलाई पनि सस्वरवाचन गराउनुहोस् ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ :

नम्र	पिँढी	ढुङ्गो	भाँडो	चम्का
अचम्म	हिस्सिएको	स्वाद	चाख्नु	छड्कनु

२. मिल्ने शब्द छानी खाली ठाउँ भर :

(क) घाम अस्ताएपछिको बेलुकीको समयलाई..... भनिन्छ ।

बिहान | साँझ | दिउँसो

(ख) बाटो हिँड्ने मानिसलाई..... भनिन्छ ।

बटुवा | ढँटुवा | नटुवा

(ग) राति सुत्ने बस्ने ठाउँलाई..... भनिन्छ ।

गाँस | वास | कपास

(घ) चामल, दाल आदि एकै ठाउँमा मिसाएर पकाइने खानेकुरालाई..... भनिन्छ ।

खिर | भात | खिचडी

(ङ) नरम बोलीवचन भएकालाई..... भनिन्छ ।

चाम्रो | नम्र | रुखो

(च) घरको मूल ढोकाबाहिरको बस्ने ठाउँलाई..... भनिन्छ ।

पिँढी | सिँडी | मझेरी

(छ) पकाउने भाँडा अड्याउन तीनतिर राखिएका ढुङ्गा वा थुम्कालाई..... भनिन्छ ।

चम्का | ओदान | अँगेनो

(ज) भात, खिचडी आदि पाक्न लाग्दा उम्लनुलाई..... भनिन्छ ।

पड्कनु | छड्कनु | अड्कनु

(झ) जिल्लिनुलाई..... पनि भनिन्छ ।

हिस्सिनु | रिसाउनु | खुसाउनु

३. कसले कसलाई भनेको हो, भन :

(क) कहाँ बास पाउनु ! यहाँ आफूलाई त बस्ने ठाउँ छैन ।

(ख) यो ढुङ्गो अति नै मीठो हुन्छ ।

(ग) अलिकति मलाई पनि देऊ है ।

(घ) आहा ! क्या मीठो खानेकुरा बन्यो ।

४. तलका प्रश्नको उत्तर देऊ :

(क) बूढीले बटुवालाई किन वास दिन गाह्रो मानी ?

(ख) बटुवालाई किन बूढीकै घरमा वास बस्नुपर्‍यो ?

(ग) बूढी किन छक्क परी ?

(घ) खिचडी पकाउन थालेपछि बटुवाले केके माग्यो ?

(ङ) बटुवाले बूढीको विचार कसरी बदल्यो ?

५. तलका शब्दहरूलाई शुद्ध बनाएर लेख :

बतुवा बुढी स्वाडिलो खिचदी कसरि बाश

६. तलका वाक्यहरू राम्रा अक्षर पारेर सार :

साँझको वेला थियो । एउटा बटुवा एउटी बूढीकहाँ वास माग्न आइपुग्यो । उसले बूढीसँग नम्र स्वरमा भन्यो, "आमा ! वास पाइन्छ कि ?"

बूढी त्यति जाती थिइन । ऊ कसैलाई केही पनि दिन्नथी । उसले बटुवालाई वास नदिने विचार गरी र भनी, "कहाँ वास पाउनु ! यहाँ आफूलाई त बस्ने ठाउँ छैन । जाऊ, अरूकै घरमा वास माग ।"

७. तलको तालिकाबाट वाक्यहरू बनाऊ :

बटुवाले बूढीले	भात खिर खिचडी	पकाएर मागेर	खायो । खाई ।

८. तलका प्रश्नको उत्तर आफैँले सोचेर लेख :

(क) बूढीले बटुवालाई वास नदिएको भए बटुवाले के गर्थ्यो होला ?

(ख) तिमी कतै जाँदा वास माग्नुपरेमा केके भन्छौ ?

९. देऊ, पकाऊ, जाऊ, माग, भन शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर ।

१०. 'ढुङ्गाको खिचडी' जस्तै कुनै कथा कक्षामा सबै साथीलाई सुनाऊ ।

११. यो पाठ पढ र शिक्षकको सहयोगमा तलको तालिका भर :

हामीले गर्नुहुने काम	हामीले गर्नुनहुने काम

पाठ ३

म को हुँ ?

तिमीले मलाई राम्रोसँग चिनेका छौ । बिहानदेखि रातिसम्म तिमीलाई म चाहिन्छु । हातमुख धुन, खाना पकाउन र सामान सफा गर्न मेरो आवश्यकता पर्छ । बोटबिरुवाका लागि पनि तिमीलाई मेरै आवश्यकता पर्छ । मेरो कुनै रूप र रङ छैन । जुन भाँडामा हाल्यो, म त्यस्तै बन्छु । ममा जुन रङ मिसायो, म त्यस्तै हुन्छु । भन त, म को हुँ ?

तिमीले चिन्यौ होला, म पानी हुँ ।

म अवस्थाअनुसार चिसो, तातो, नुनिलो आदि विभिन्न रूपमा परिवर्तन हुन सक्छु । म जमेर बरफ पनि बन्छु । हिमालमा म चिसो हुन्छु । हिमाल, पहाड र तराई हुँदै समुद्रमा पुग्दा मेरो चिसोपन घट्दै जान्छ ।

समुद्रबाट मेरो जन्म हुन्छ । समुद्र भनेको पानी नै पानी भएको ठाउँ हो । तिमीहरूमध्ये त कसैले पनि देखेका छैनौ होला । समुद्रमा म एकदमै नुनिलो हुन्छु । म समुद्रमा पुगेका वेला तिमीले मलाई पिउन हुँदैन ।

तिमीलाई थाहा होला, घाम तातो हुन्छ । घामले गर्दा समुद्रमा म पनि तात्छु । तातेपछि म हलुको हुन्छु र बाफ भएर उड्छु । म बाफ भएर माथिमाथि आकाशतिर पुग्छु ।



बाफ बनेर माथि पुगेपछि म चिसो हुन्छु । अनि एउटै ढिको जस्तो बन्छु । त्यति वेला मलाई सबैले बादल भन्छन् । बादल बनेपछि म कहिल्यै एक्लो हिँड्दिनँ । म आफू जस्तै अरू बादललाई पनि साथ लिन्छु । म आकाशमा चारैतिर घुम्छु । अनि झन्झन् माथि जान्छु । माथिमाथि गएपछि झन्झन् चिसो हुँदै जान्छु । चिसो हुँदै गएपछि म गह्रौं हुन्छु । गह्रौं भएर आकाशमा डुल्दाडुल्दै म थाकिसक्छु । त्यसपछि म चिसो हुन्छु र वर्षाको रूप लिएर पृथ्वीमा बर्सन्छु । त्यति वेला तिमी 'पानी पऱ्यो' भन्दै छाता ओढ्छौ ।

मैले वर्षाको रूप लिएपछि पृथ्वी सुक्खा हुन पाउँदैन । नदीनाला, इनार, पोखरी सबैमा म भरिन्छु । म तिम्रो धाराबाट पनि आउँछु । नदी बनेर म समुद्रमै मिल्न पुग्छु । म समुद्रमा पनि बर्सन्छु । समुद्रबाटै म निस्कन्छु र फेरि समुद्रमै मिलेपछि मेरो लामो यात्रा सकिन्छ । म फेरि यही यात्रा दोहोऱ्याउँछु ।

शिक्षण निर्देशन :

१. यो पाठका अनुच्छेद तोकी सबै विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् ।

२. विभिन्न अनुच्छेदबाट प्रश्न बनाई सोधेर उत्तर भन्न लगाउनुहोस् ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ :

राम्रो भिन्न समुद्र चर्को गह्रौं पृथ्वी यात्रा

२. तल दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख :

(क) नदी मिसिएर बनेको पानीको ठूलो भाग; सागर .....

(ख) बढी नुन भएको .....

(ग) धुवाँका रूपमा माथितिर उडेका स-साना पानीका कण .....

(घ) पानी बर्सने काम .....

(ङ) गल्नु, थाक्नु .....

(च) एक ठाउँबाट अर्को टाढाको ठाउँमा जाने काम .....

३. ठीक बेठीक छुट्याऊ :

(क) पानी जस्तो भाँडामा राख्यो त्यस्तै रूपरङको हुन्छ । ☐

(ख) समुद्रको पानी गुलियो हुन्छ । ☐

(ग) पानी मानिसलाई खान मात्र चाहिन्छ । ☐

(घ) पानी बाफ भएर हिमालमा पुग्छ । ☐

(ङ) बादल चिसो भएर पानी पर्छ । ☐

४. तलका प्रश्नको उत्तर देऊ :

(क) पानी केके कामका लागि आवश्यक पर्छ ?

(ख) पानीको रूपरङ कस्तो हुन्छ ?

(ग) पानीको जन्म कहाँबाट हुन्छ ?

(घ) समुद्र भनेको के हो ?

(ङ) बाफ कसरी बन्छ ?

(च) पानी कसरी पर्छ ?

५. तलका शब्दहरू शुद्ध पारी सार :

बिरूवा	रुप	नूनिलो	नडीनाला
समुन्दर	पिर्थिवी	पर्यो	आवश्येक्ता

६. तलको तालिकाबाट मिल्ने वाक्य बनाई लेख :

म		हुन्छु ।
हामी		हुन्छौं ।
तिमी	सुखी	हुन्छौ ।
तिमीहरू	खुसी	हुन्छ ।
ऊ		हुन्छन् ।
उनीहरू		

७. उदाहरण हेरी तलका शब्दलाई वाक्यमा प्रयोग गर :

उदाहरण :

पानी : सफा पानी पिउनुपर्छ ।

चिसो | तातो | अग्लो | नुनिलो | स्वादिलो

८. तलका प्रश्नका बारेमा छलफल गर :

(क) भिन्नभिन्न अवस्थामा पानी केके बन्दो रहेछ ?

(ख) पानी नभएको भए के हुन्थ्यो होला ?

९. तलको चित्र हेर र वर्णन गर :



पाठ ४

किताब

- सिद्धिचरण श्रेष्ठ

किताब तिम्रो गुणको बखान
के गर्न सक्थेँ म छु है अजान
सधैँ नमानीकन कत्ति झर्को
दिन्छौ बताईकन ज्ञान अर्को

कथा कहानी इतिहास नाना
विज्ञान औ ज्ञान नयाँ पुराना
एकेक छर्लङ्ङ गरी मलाई
सम्पूर्ण दिन्छौ तिमी नै बताई ।

साँच्चै तिमीभित्र सबैजनाको
तिम्रो छ दरबार सधैँ खुला त्यो
राखेर सत्ज्ञान ठूलो भकारी
बाँड्ने तिमी नै उपकार भारी ।

मनुष्यको जीवनमार्ग खास
देखाइदिन्छौ नबनी हतास
पढेर राम्रा बढिया किताब
म गर्छु अज्ञान सबै सखाप ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ र लेख :

कत्ति | इतिहास | छर्लङ्ङ | सम्पूर्ण | मनुष्य | जीवनमार्ग

२. माथिको कविता लय हांलेर पढ ।

३. बाकसबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर :

नाना	अजान	अज्ञान	सखाप	गुण
बढिया	झर्को	हतास	एकेक	इतिहास

(क) विशेषता = *गुण*

(ख) नजान्ने = ...

(ग) दिक्दार = ...

(घ) बितेका कुराको वर्णन = ...

(ङ) एउटा एउटा = ...

(च) निराश = ...

(छ) असल = ...

(ज) ज्ञानको कमी = ...

(झ) सबै सिध्याउने काम = ...

(ञ) धेरै थरी, विभिन्न = ...

४. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) ज्ञान केले दिन्छ ?

(ख) किताबले कुनकुन विषयको ज्ञान दिन्छ ?

(ग) किताबका गुण केके हुन् ?

(घ) अज्ञान कसरी सखाप हुन्छ ?

५. तलका हरफ पढेर तिमी के बुझ्छौ, लेख :

राखेर सत्ज्ञान ठूलो भकारी
बाँड्ने तिमी नै उपकार भारी

६. उल्टो अर्थ आउने गरी तलका शब्दको जोडा मिलाऊ :

(क) गुण	बन्द
(ख) ज्ञान	पुरानो
(ग) नयाँ	दोष
(घ) साँचो	घटिया
(ङ) मित्र	झुटो
(च) खुला	अज्ञान
(छ) बढिया	शत्रु

७. खाली ठाउँमा छुटेका हरफ लेख :

मनुष्यको जीवनमार्ग खास

.....

पढेर राम्रा बढिया किताब

.....

८. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

गुण	झर्को	इतिहास	छर्लङ्ङ	अज्ञान

९. किताब पढ्नाले केके फाइदा हुन्छन्, कक्षामा साथीहरूसँग छलफल गर ।

१०. तिम्रो झोलामा भएका किताबको नाम लेखेर शिक्षकलाई देखाऊ ।

११. तलका आधारमा तिमीले पढ्ने किताबको वर्णन गर ।

नाम :

लेखक :

प्रकाशक :

मन परेको पाठ :

पाठ मन पर्ने कारण :

मन नपरेको पाठ :

पाठ मन नपर्ने कारण :

शिक्षण निर्देशन :

शिक्षक साथी ! यी बुँदाका आधारमा कक्षा ३ को नेपाली किताबको वर्णन तयार गर्न लगाउनुहोस् ।

पाठ ५

अनौठो परीक्षा

धेरै पहिले एकजना गुरु थिए । उनले आफ्ना चेलाचेलीहरूको परीक्षा लिने विचार गरे । उनले चेलाचेलीहरूलाई आफ्ना वरिपरि राखेर भने, "नानी हो ! म ज्यादै वृद्ध र कमजोर भइसकें । अब तिमीहरूले धनमाल र खानेकुरा ल्याएर मलाई मदत गर्नुपर्छ ।"



सबैले भने, "हो, हामीले गुरुलाई मदत गर्नुपर्छ ।" तर एकजना चेलाले गुरुलाई भन्यो, "गुरु ! यो काम त सजिलो छैन । यहाँका मानिसहरू मनकारी छैनन् । उनीहरूले हाम्रो मदत गर्दैनन् ।"

गुरुले भने, "नानी हो ! मैले तिमीहरूलाई माग्न जाओ भनेको होइन । मैले त सोध्दै नसोधी ल्याओ भनेको मात्र हुँ । त्यो काम म आफैं गर्न सक्दिनँ । त्यसैले तिमीहरूसँग मदत मागेको हुँ । के तिमीहरू मलाई मदत गर्न सक्छौ ?"

सबैले एकै स्वरमा भने, "हामी मदत गर्छौं । हामीले के गर्नुपर्छ, बरु त्यो बताउनुहोस् न गुरु ।"

गुरुले भने, "कसैले पनि नदेख्ने ठाउँमा गएर लुक्नू । त्यहाँ कुनै धनी मान्छे आउँछ कि भनेर कुरिरहनू । धनी मान्छे आउनेबित्तिकै बिस्तारै कसैले नदेख्ने गरी उसका धनमाल खोस्नू । तर उसलाई कुनै प्रकारको दुःख नदिनू ।"

सबै चेला गुरुको आज्ञा मान्न तयार भए ।



तर एकजना चेली भने टाउको निहुराएर बसिरही । गुरुले अलि ठूलो स्वरले उसलाई भने, "तिमीलाई के भयो ? तिमी मैले भनेको काम गर्न तयार छैनौ ?"

त्यस चेलीले भनी, "गुरु, मलाई क्षमा गर्नुहोस् । म तपाईंले भने जस्तो गर्न सक्दिनँ ।"

"किन र ? तिमीलाई के भयो, मलाई सबै बताऊ ।" गुरुले भने ।

चेली जवाफ दिई, "गुरु ! कसैले नदेख्ने ठाउँमा गएर चोर्नू भनेर तपाईंले हामीलाई अह्राउनुभयो । यो काम त हुनै सक्दैन । कोही नभएको ठाउँमा पनि मनले देखिरहेको हुन्छ । त्यसैले बरु म मागन जान्छु तर चोर्न जान्नँ । मैले चोरेँ भने मनलाई त थाहा हुन्छ नि । त्यसैले म आफूलाई छल्न सक्दिनँ ।"

चेलीको यस्तो कुरा सुनेर गुरुको मुख उज्यालो भयो । उनी खुसीले गदगद भए र भने, "आखिर एकजनाले त मैले पढाएको कुरा बुझेको रहेछ !"

गुरुको कुरा सुनेर अरू सबै चेलाले टाउको निहुराए । उनीहरूले गर्न नहुने काम कहिल्यै नगर्ने अठोट गरे ।



अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ :

वृद्ध | परीक्षा | क्षमा | दु:ख | ईश्वर | अह्राउनु | भुतुक्क

२. माथिको कथा पालैपालो पढेर सुनाऊ ।

३. तलका शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
परीक्षा	सहयोग
वृद्ध	भगवान्
मदत	जाँच
ईश्वर	तर्काउनु
छल्नु	बूढो

४. मिल्ने शब्द छानेर खाली ठाउँ भर :

कमजोर | मनकारी | आज्ञा | अह्राउनु

(क) केही गर्न नसक्ने, निर्धो : .....

(ख) दिन, खान, सहयोग गर्न सक्ने मन भएको : .....

(ग) आफूभन्दा सानालाई दिइने आदेश : .....

(घ) यसो गर भनेर लगाउनु : .....

५. राम्रा अक्षर पारेर कापीमा सार :

चेलीको यस्तो कुरा सुनेर गुरुको मुख उज्यालो भयो । उनी खुसीले गदगद भए र भने, "आखिर एकजनाले त मैले पढाएको कुरा बुझेको रहेछ ।"

शिक्षक साथी । यसरी नै विद्यार्थीलाई पाठका अरू अंशको पनि अनुलेखन गराउनुहोस् र उनीहरूको लेखनको मूल्याङ्कन गरी राम्रो लेख्नेलाई स्याबासी दिएर, ताली बजाई प्रशंसा गरेर वा अन्य तरिकाले पुरस्कृत गरी राम्रो र शुद्ध लेख्न प्रोत्साहन गर्नुहोस् ।

६. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) गुरुले चेलाहरूसँग के मदत मागे ?

(ख) गुरुले भनेको काम गर्न कोको तयार भए ?

(ग) एउटी चेलीले गुरुले लगाएको काम गर्न किन मानिन ?

(घ) गुरु किन खुसी भए ?

(ङ) गुरुले लगाएको काम गर्न तयार भएका चेलाहरूले किन टाउको निहुऱ्याए ?

७. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

निहुराउनु चोर्नु माग्नु जान्नु खोस्नु लुकाउनु सोध्नु

उदाहरण :

निहुराउनु : उसले टाउको निहुरायो ।

८. तलको तालिकाबाट मिल्ने वाक्यहरू बनाएर लेख :

बुबा आमा म भाइ बहिनी	घर	आई । आएँ । आयो । आउनुभयो ।

९. माथिको कथा पढेर तलका वाक्यहरूलाई क्रम मिलाएर सार :

(क) म तपाईंले भनेजस्तो गर्न सक्तिनँ ।

(ख) गुरुको कुरा सुनेर अरू सबै चेलाहरूले टाउको निहुराए ।

(ग) मानिसहरू मनकारी छैनन् ।

(घ) उनले आफ्ना चेलाहरूको परीक्षा लिने विचार गरे ।

(ङ) मैले तिमीहरूलाई माग्न जाओ भनेको होइन ।

१०. तलका प्रश्नहरूबारे साथीसँग छलफल गर :

(क) गुरुले 'अरूको धनमाल र रुपियाँ खोस्नू' भनेर किन भनेका होंलान् ?

(ख) तिमीलाई भोक लागेको छ । तिमीसँग खानेकुरा, पैसा केही छैन । अब, तिमी के गर्छौ ?

पाठ ६

हाटबजार

(दुईजना विद्यार्थी विद्यालयको चौरमा बसेर हाटका बारेमा कुरा गर्दै छन् ।)

रामजनम : तिमी कहिल्यै हाट गएकी छ्यौ ?

शिल्पा : गएकी त छु, तर एक पटक मात्र ।

रामजनम : तिम्रो गाउँमा कुन बार हाट लाग्छ ?

शिल्पा : बिहिबार लाग्छ नि ।

रामजनम : हामीकहाँ त शनिबार पो लाग्छ ।

शिल्पा : तिम्रो घरबाट सामान किन्न को जान्छ नि ?

रामजनम : कि बुबा कि आमा जानुहुन्छ ।

शिल्पा : हाम्रो घरबाट चाहिँ कि बुबा कि दाइ जानुहुन्छ ।

रामजनम : तिम्रातिर लाग्ने हाटमा केके पाइन्छन् हँ ? हाम्रो हाटमा त थुप्रै कुरा पाइन्छन् । फलफूल, चामल, मासु, लुगाकपडा, सेलरोटी आदि थुप्रै चिज पाइन्छन् ।

शिल्पा : हाम्रो हाटमा पनि त्यस्तै त हो नि ! खानेकुरा, लुगाकपडा, फलफूल आदि पाइन्छन् । अनि एउटा कुरा नि !

रामजनम : के कुरा ?

शिल्पा : हाम्रो मावली गाउँमा त सोमबार हाट लाग्छ क्यारे !

रामजनम : हाट त ठाउँ ठाउँमा फरक फरक दिन लाग्छ । हाम्रातिर लाग्ने हाटलाई चाहिँ शनिबारे हाट भन्छन् ।

शिल्पा : हाम्रो त बिहिबारे हाट हो ।

रामजनम : बारअनुसार हाटका नाम हुन्छन् । कुनै मङ्गलबारे र कुनै बुधबारे हाट हुन्छ ।

शिल्पा : अब आउँदो शनिबार तिमी पनि हाट जान्छौ कि ?

रामजनम : जाने विचार छ । अहिले फलफूल पाइने वेला छ । एकदम गुलिया फलफूल किन्न पाइन्छ ।

शिल्पा : मेरो पनि जाने विचार छ । अन्तभन्दा हाटमा सामान सस्तो पाइन्छ । कहिलेकाहीँ त हाम्रातिर लाग्ने हाटमा पनि आउने गर न ।

रामजनम : तिमीले तिम्रातिर लाग्ने हाटका बारेमा बताइदियौ । धन्यवाद छ ! म फुर्सद मिलाएर आउँला नि ।

शिल्पा : तिमीलाई धन्यवाद !

रामजनम : अब कक्षामा जाऔँ है त !

शिल्पा : हुन्छ ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढेर सुनाऊ :

कहिल्यै	छ्यौ	मुख्य	थुप्रै
मङ्गलबार	सस्तो	फुर्सद	

२. रामजनम र शिल्पा भएर माथिको संवाद पढेर सुनाऊ ।

३. तल दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख :

(क) खास दिनमा लाग्ने बजार = ...

(ख) थोरै मोलको = ...

(ग) बुधबार लाग्ने हाट = ...

(घ) काम नभएको वेला = ...

४. तल दिइएका सात बारलाई क्रम मिलाएर सार :

(क) बिहिबार

(ख) शनिबार

(ग) आइतबार

(घ) मङ्गलबार

(ङ) शुक्रबार

(च) बुधबार

(छ) सोमबार

५. तलका प्रश्नको उत्तर देऊ :

(क) रामजनम र शिल्पाका घरबाट कोको सामान किन्न जान्छन् ?

(ख) रामजनम र शिल्पा कहाँ लाग्ने हाटमा पाइने कुराको छुट्टाछुट्टै सूची बनाउन ।

(ग) मानिसहरू किन हाट जान्छन् ?

६. तलको कथा राम्ररी पढ र र उत्तर देऊ :

राति कुनै गाउँमा हात्ती आएछ । केराका थामहरू पनि उखेलेछ । बिहान गाउँलेहरूले हात्तीले गरेको नोक्सानी देखेछन् । उनीहरूले हात्ती देखेका रहेनछन् । उनीहरूले

रातमा के आएको थियो, थाहा पाएनछन् । गाउँलेहरूले मुखियालाई बोलाएर हात्तीका पाइला देखाएछन् ।उनीहरूले "यति ठूला पाइला भएको जनावर के हुन सक्छ ?" भनी मुखियासँग सोधेछन् । मुखियाले पनि हात्ती देखेको रहेनछ । उसले गधा मात्र देखेको रहेछ । तैपनि उसले भनिहालेछ, "गधाका पाइला नि !"

गाउँलेले पनि गधा त देखेका थिए । उनीहरूले सोधेछन्, "गधाका पनि यत्रा पाइला हुन्छन् त ?"

"गधाले खुट्टामा जाँतो बाँधेर आएको थियो नि !" मुखियाले देखेझैं गरी उत्तर दिएछ ।

(क) मुखियाले दिएको उत्तर तिमीलाई कस्तो लाग्यो ? छलफल गर ।

(ख) यस कथाको शीर्षक के राख्न सकिन्छ ?

७. तलको तालिकाबाट मिल्ने वाक्यहरू बनाएर कापीमा सार :

दिदी		
दिदीहरू		जान्छौ ।
म		जान्छु ।
हामी		
तिमीहरू	विद्यालय	जान्छिन् ।
केटो	खेतमा	जान्छन् ।
केटाहरू		जान्छ ।
खेतालो		जान्छौँ ।
खेतालाहरू		

८. तलको संवाद पूरा गर :

सोफिया : नमस्कार, काका !

ध्रुव : नमस्ते नानी, कता हिँडेकी नि !

सोफिया : .....

ध्रुव : आज हाट लाग्ने दिन हो र ?

सोफिया : .....

ध्रुव : हाटबाट केके किनेर ल्याउँछ्यौ त ?

सोफिया : .....

ध्रुव : मलाई पनि सुपारी ल्याइदेऊ है ! म पैसा दिन्छु ।

सोफिया : .....

ध्रुव : तिमी कतिखेर फर्किन्छ्यौ नि ?

सोफिया : .....

९. माथिको संवाद पूरा गरेपछि सोफिया र ध्रुव बनेर पढ ।

१०. तिमी घुमेको हाटबजार वा मेलामा तिमीले केके देखेका छौ ? आफूले देखेका कुरा सिलसिला मिलाएर पाँच वाक्यमा लेख ।

पाठ ७

खेतीवाल

– पारसमणि प्रधान

परिश्रमी छु म हुँ खेतीवाल
मेरो छ सामान्य र नम्र चाल
मलाई ठूलो घर चाहिँदैन
मीठा कुरामा पनि लोभ छैन

बिहान चाँडै हल गोरु नारी
जोती खनी खेत गरी तयारी
गहुँ र जौ, धान, मकै उमारी
पुऱ्याउँछु अन्न जहानलाई



सम्पत्तिको लोभ मलाई छैन
धनी हुनाले सुख पाइँदैन
थोरै नहुन् जन्तु र अन्न, पानी
बितोस् सदा जीवन ढुक्क मानी

हलो, जुवा, गोरु र खेतबारी
राखिदिए ईश्वरले मलाई
गरेर उद्योग कमाई अन्न
बिताउँछु जीवन भई प्रसन्न



अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ र कापीमा सार :

परिश्रमी	नम्र	गोरु	सम्पत्ति
जन्तु	ढुक्क	उद्योग	

२. माथिको कविता लय हालेर पढ ।

३. तलका शब्दहरूको अर्थ बुझेर पढ :

परिश्रमी	मिहिनेती
खेतीवाल	किसान
नम्र	नरम, शान्त
हल गोरु	जोडी गोरु
नारी	नारेर
जहान	परिवार
सदा	सधैँ
उद्योग	इलम
प्रसन्न	खुसी

४. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

खेतीवाल	चाल	लोभ	तयारी
जहान	सुख	हलो	जुवा

५. तलका खाली ठाउँमा कविताका मिल्ने शब्द भरी सार :

सम्पत्तिको .....

..... पाइँदैन

..... जन्तु .....

बितोस् ..... जीवन ..... मानी

६. तलका प्रश्नको उत्तर देऊ :

(क) खेतीवालको चाल कस्तो छ ?

(ख) खेतीवाललाई के चाहिँदैन ?

(ग) कसरी खेतीवालले जहानलाई अन्न पुऱ्याउँछ ?

(घ) खेतीवाल कसरी जीवन बिताउन चाहन्छ ?

(ङ) खेतीवालले के गरेर अन्न कमाउँछ ?

७. तलका खाली ठाउँमा मिल्ने शब्द भर :

हामी तिमीहरू उनीहरू

(क) ..... प्रसन्न भई बाच्छौँ ।

मैले | उसले | तैंले

(ख) ..... गोरु नारेँ ।

हामीले | तिमीले | उसले

(ग) ..... सम्पत्तिको लोभ गऱ्यौ ।

म | तँ | त्यो

(घ) ..... मीठा कुरामा लोभ गर्दिनँ ।

हामी | उनीहरू | तिमीहरू

(ङ) ..... खेत जोत्छन् ।

८. उदाहरण हेरी तलका जस्ता शब्द बनाऊ :

उदाहरण : नार्नु = (क) नार्छ (ख) नाऱ्यो

उमार्नु | मान्नु | राख्नु | कमाउनु | बिताउनु

९. तलका शब्दको उल्टो अर्थ आउने शब्द लेख :

ठूलो | बिहान | धनी | थोरै | परीश्रमी

१०. किन धनी हुनाले सुख पाइँदैन भनिएको हो ?

कक्षामा छलफल गर ।

११. तलका खाली ठाउँमा मिल्ने शब्द छानेर कविता बनाऊ र सबैलाई सुनाऊ :

..... हुँ म अनि छु विनम्र सिकारु हरारु जुझारु

लेख्छु र पढ्छु नि छुन्छु ..... पन्ध नम्र चन्द्र

कापी कलम छन् दुई ..... मेरा पात हात दाँत

साहस, शिक्षा ..... मेरा आमाबाबु दाजुभाइ दिनरात

शिक्षक साथी ! यस अभ्यासमा विद्यार्थीले जस्ता कविता बनाए पनि सबै कविता सुनेर उनीहरूको कल्पना गरेर सिक्ने क्षमतालाई प्रोत्साहन गर्नुहोस् ।

१२. तलको कोठेपदबाट चरा र जनावरका नाम खोजेर लेख ।

प	मु	नु	र	भा	लु
रे	बा	खा	कु	कु	र
वा	न	र	खु	खा	गै
घ	भँ	जु	रा	घो	डा
डाँ	गे	रे	मु	र	गा
फे	रा	ली	सा	ल	ई

पाठ ८

नयाँ वर्षको उपहार

जापानको कुनै गाउँमा दुईजना बूढाबूढी बस्थे । उनीहरू गरिब थिए तर निकै दयालु थिए । उनीहरू एकअर्कालाई खुबै माया गर्थे ।

नयाँ वर्षको पहिलो दिन थियो । छिमेकमा 'मोची' कुटेको आवाज सुनिँदै थियो । मोची भनेको जापानी भाषामा भातबाट बनाइने एक प्रकारको मिठाई हो । बूढीले बूढालाई भनी, "ए बूढा ! हामी पनि नयाँ वर्ष मनाउने होइन ?"

बूढाले भन्यो, "मनाउनु त पर्ने हो तर हामीसित पैसा छैन । खै, कसरी नयाँ वर्ष मनाउने ?"

एकछिन विचार गरिसकेपछि फेरि बूढाले भन्यो, "हामीसँग भएको दाउरा बोकेर म सहर जान्छु । त्यो बेचेको पैसाले म चामल र मिठाई किनेर ल्याउँला अनि नयाँ वर्ष मनाऔँला ।"

दाउराको भारी बोकेर बूढो सहरतिर लाग्यो । सहरमा नयाँ वर्षका लागि सामान किन्ने र बेच्ने मानिसहरूको ठूलो घुइँचो थियो । तर त्यस बूढाको दाउरा किन्न कोही आएनन् । उसले निराश भएर घर फर्कने सुरसार गऱ्यो ।

"मेरी बूढीलाई साह्रै नरमाइलो हुने भयो । कठै ! बिचरी ! नयाँ वर्ष मनाउने उसको कत्रो धोको थियो !" बूढो मनमा कुरा खेलाउँदै घरतिर लागे ।

बाटामा एकजना मानिससँग बूढाको जम्काभेट भयो । त्यो मानिस छ्वालीका टोपी बेच्न हिँडेको रहेछ । उसले बूढालाई सोध्यो, "ए, दाइ ! कति पैसाको दाउरा बेच्नुभयो त ?"

बूढाले मसिनो स्वरमा भन्यो, "के दाउरा बेच्नु नि ! एक पैसाको पनि बेच्न सकिएन । बरु तपाईंले चाहिँ कतिओटा टोपी बेच्नुभयो नि ?"

"मेरो पनि उस्तै त हो नि ! एउटा पनि बेच्न सकिएन ।" त्यस मानिसले बूढासँग प्रस्ताव राख्दै भन्यो, "ए, दाइ ! हामी एकअर्काको सामान साटौँ न, हुन्न ।"

बूढालाई उसको कुरा मन पऱ्यो । उनीहरूले आ-आफ्नो सामान साटासाट गरे । अनि दुवैजना आफ्नो बाटो लागे । साँझ छिप्पिँदै थियो । चिसो बढ्न थालेको थियो । हिउँ पनि पर्न लागेको थियो ।

बूढाले बाटामा 'जिजोउसामा'का मूर्तिहरू लस्करै उभिएको देख्यो । जापानी भाषामा जिजोउसामा भनेका हाम्रा ऋषिमुनि जस्तै हुन् । बूढाले जिजोउसामाहरूलाई नमस्कार गऱ्यो ।

उसले मूर्तिका टाउकामाथिको हिउँ पुछिदियो । उसले मनमनै भन्यो, "बिचरा जिजोउसामाहरूलाई कति जाडो हुँदो हो !"

उसले अघि दाउरासँग साटेका टोपी ती मूर्तिका टाउकामा लगाइदियो । टोपी जम्मा छओटा थिए । एउटा टोपी पुगेन । उसले आफूले लगाएको गलबन्दी फुकालेर सातौँ मूर्तिको टाउकामा बाँधिदियो । त्यसपछि ऊ आफ्नो बाटो लाग्यो ।

घर पुगेपछि उसले सबै कुरा बूढीलाई बतायो । बूढीले भनी, "तिमीले असाध्यै राम्रो काम गरेछौ । मलाई साह्रै खुसी लाग्यो ।"

ती दयालु बूढाबूढीले नयाँ वर्षको त्यो रातमा अति साधारण खाना खाए तर पनि उनीहरूले त्यसैमा सन्तोष गरे ।

बूढाबूढी मस्त निद्रामा थिए । रात चंकमन्न थियो । राति एउटा आश्चर्यजनक घटना घट्यो । जिजोउसामाका सातैओटा मूर्तिहरू हिँड्न थाले । तिनीहरू आँगनमा आइपुगे । बूढालाई पनि आँगनमा के खस्यो जस्तो लाग्यो ।

बूढाले "ए बूढी, उठ् । बाहिर के खस्यो !" भन्दै बूढीलाई पनि उठायो । उनीहरूका दैलाअगाडि पैसा, चामल, माछा, मासु, फलफूल आदिको थुप्रो थियो । जिजोउसामाहरूले दयालु बूढाबूढीलाई नयाँ वर्षको उपहार छाडेर गएका थिए । दुवैजनाले बिस्तारै ढोका खोलेर चियाए । जिजोउसामाका मूर्तिहरू फर्केर गएको उनीहरूले देखे । उनीहरूले ती जिजोउसामाहरूलाई परैबाट नमस्कार गरी धन्यवाद दिए ।

अभ्यास

१. तलका शब्द पढेर सुनाऊ :

वर्ष	साह्रै	किन्ने	प्रस्ताव	जम्काभेट	छूवाली
पऱ्यो	मूर्ति	लस्कर	ऋषिमुनि	छिप्पिनु	चकमन्न

२. माथिको कथा पालैपालो पढेर सुनाऊ ।

३. तलका बाकसबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर :

प्रस्ताव	चियाउनु	छूवाली	छिप्पिनु	जम्काभेट

अर्थ	शब्द
(क) जौ वा गहुँको नल	....
(ख) कुनै काम गर्न एकले अर्कासँग गरेको कुरा	....
(ग) एकाएक भएको भेट	....
(घ) लुकेर हेर्नु	.....
(ङ) धेरै समयको हुनु	.....

४. तलका शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
(क) घुइँचो	लाम
(ख) चकमन्न	भिड
(ग) धोको	अचम्म
(घ) लस्कर	सुनसान
(ङ) आश्चर्य	इच्छा

५. उदाहरण हेरी तलका शब्दलाई वाक्यमा प्रयोग गर :

उदाहरण :

मनाउनु : बूढाबूढीले नयाँ वर्ष मनाए ।

बाँध्नु | फुकाउनु | थाल्नु | किन्नु | सुन्नु | सुनाउनु

६. तलका प्रश्नको उत्तर देऊ :

(क) बूढाले नयाँ वर्ष कसरी मनाउने विचार गऱ्यो ?

(ख) सहरमा केको घुइँचो थियो ?

(ग) बूढो किन निराश भयो ?

(घ) बूढाले कसरी जिजोउसामाका मूर्तिहरूप्रति दया देखायो ?

(ङ) बूढी किन खुसी भई ?

(च) जिजोउसामाले बूढाबूढीलाई कसरी सहयोग गरे ?

७. कथाका वाक्यहरू क्रम मिलाएर लेख :

(क) तिमीले असाध्यै राम्रो काम गरेछौ ।

(ख) जिजोउमासाका सातैओटा मूर्तिहरू हिँड्न थाले ।

(ग) उनीहरूका दैलाअगाडि पैसा, चामल, माछा, मासु, फलफूल आदिको थुप्रो थियो ।

(घ) हामीसँग भएको दाउरा बोकेर म सहर जान्छु ।

(ङ) उनीहरूले आ-आफ्नो सामान साटासाट गरे ।

८. तिमीले जानेको एउटा कथा सुनाऊ ।

९. तलको चुट्किला पढ र बुझ :

एउटा मानिस होटलमा गएछ । उसले होटलमा पिजा (एक प्रकारको रोटी) बनाउन लगाएछ । पिजा पाकेपछि कामदारले सोधेछ, "हजुर, पिजा कति टुक्रा पारेर काटौँ ? आठ टुक्रा कि बाह्र ?"

उसले बडो फुर्तीसाथ भनेछ, "आठ टुक्रा पार, बाह्र टुक्रा खाइसकिँदैन ।"

१०. तलको शुभकामना पढ र आफ्नो साथीलाई पनि त्यस्तै शुभकामना पत्र बनाएर देऊ :

शुभकामना पत्र

श्री कमलप्रसाद लिम्बू
फिदिम, पाँचथर

नयाँ वर्ष २०६५ को उपलक्ष्यमा
सुख, शान्ति र प्रगतिका लागि
शुभकामना व्यक्त गर्दछु ।

तारादेवी महतारा, जुम्ला

११. तिमी नयाँ वर्ष कसरी मनाउँछौ, लेख ।

१२. तिमीलाई मन परेको कथा कक्षामा सुनाऊ ।

पाठ ९

खेर नफालौँ

हामीलाई धेरै कुरा चाहिन्छन् । तीमध्ये खानेकुरा, पैसा, शक्ति र समय मुख्य हुन् । अब यी प्रत्येकका बारेमा केही कुरा जानौँ ।

खानेकुरा

खानेकुरा नखाई हामी बाँच्न सक्दैनौँ । खानेकुरामा भात, दाल, तरकारी र अरू धेरै कुरा पर्छन् । खानेकुरा फलाउनका लागि धेरै मिहिनेत चाहिन्छ । संसारमा दिनदिनै मानिस थपिँदै छन् । मानिस थपिएअनुसार खानेकुरा फलाउन सकिन्न । त्यसैले कसैले टन्न खान पाउँछन्, कसैले खानै पाउँदैनन् ।



तिमीहरूले कति भोका मान्छे पनि देखेका छौ । कतिपय देशमा त खान नपाएर कैयौँ मान्छे दिनदिनै मरिरहेका हुन्छन् । त्यसैले खान सक्ने जति मात्र आफूले लिनुपर्छ । जुठो हालिसकेपछि 'खान मन लागेन' भनेर मिल्काउनु हुँदैन । एकएक थोपा पानी जम्मा गर्दा धेरै पानी हुन्छ । एकएक गेडा अन्न जम्मा गर्दा थुप्रै भकारी भरिन्छ । त्यसैले हामीले एकएक गेडा गरेर अन्न जम्मा गर्‍यौँ भने त्यसले धेरै जनालाई पुग्छ । हामीले खानेकुरा कहिल्यै खेर फाल्नु हुँदैन ।

पैसा

खानेकुरा किन्न, लुगाफाटो हाल्न र औषधी गर्न पैसा चाहिन्छ । त्यसै गरी अरू धेरै कुराका लागि पनि पैसा नभई हुँदैन । आवश्यक परेका वेलामा मात्र पैसा खर्च गर्नुपर्छ । त्यसैले नचाहिने वेलामा पैसा खेर फाल्नु हुँदैन ।



शक्ति

आधुनिक किसिमबाट काम गर्नका लागि शक्ति चाहिन्छ । यस्तो शक्तिलाई हामी ऊर्जा भन्छौँ । मट्टीतेल, पेट्रोल, बिजुली, सूर्यको ताप, दाउरा आदिबाट ऊर्जा निस्कन्छ । ऊर्जाबाट खाना पकाउने, बत्ती बाल्ने, मेसिनहरू चलाउने आदि काम गर्न सकिन्छ । त्यसैले यस्ता चिज खेर फाल्नु हुँदैन, यिनलाई सदुपयोग गर्नुपर्छ ।





समय



हाम्रो जीवनमा समयको पनि ठूलो महत्त्व छ । समय बितिरहन्छ यसलाई कसैले रोकेर रोकिँदैन, छेकेर पनि छेकिँदैन । बितिसकेको समय फर्केर आउँदैन । त्यसैले समय खेर फाल्नु हुँदैन । गर्नुपर्ने काम ठीक समयमा गर्नुपर्छ । आराम गर्ने समयमा आराम गर्नुपर्छ । कुनै न कुनै काम गरिरहनुपर्छ । अल्छी मानेर बसिरह्यो भने समयमा काम हुँदैन, अनि दुःख पाइन्छ । ठीक तरिकाले समयको प्रयोग गर्न सकेमा हामी असल मान्छे बन्छौँ ।

अभ्यास

१. तलका शब्द पढ र कापीमा सार :

बाँच्नु	प्रत्येक	टन्न	मिल्काउनु	ऊर्जा
शक्ति	पेट्रोल	मट्टीतेल	अल्छी	महत्त्व

२. तलका अर्थ पढ र ती अर्थसँग मिल्ने शब्द पाठमा खोजेर लेख :

(क) उब्जाउनु .....

(ख) खान थालेको खानेकुरा .....

(ग) तेल, बिजुली, सूर्यको तापबाट पाइने शक्ति .....

(घ) राम्रोसँग गरिएको उपयोग .....

(ङ) थकाइ मार्नु .....

(च) चोयाँबाट बनेको अन्न राख्ने भाँडो .....

३. शुद्ध पारेर सार :

(क) खरच, सन्सार, औसधि, गर्‍यौँ, महत्व, दुख, सान्ति, सुर्ये

(ख) खेलने समएमा खेल्नुपरछ

(ग) हामीलाई तेल मट्टितेल र दाउरा चाहिन्छ

४. तलका प्रश्नको उत्तर देऊ :

(क) बाँच्नका लागि चाहिने मुख्य मुख्य कुरा केके हुन् ?

(ख) हामीले किन खानेकुरा खेर फाल्नु हुँदैन ?

(ग) कुनकुन काम गर्न ऊर्जा चाहिन्छ ?

(घ) हामी कसरी असल मान्छे बन्छौँ ?

(ङ) यो पाठ पढेर तिमीले के सिक्यौ ?

५. एक छाकमा एक गाँस खानेकुरा छोड्दा एक वर्षमा कति गाँस खानेकुरा खेर जाला र यसले कति छाक खान पुग्ला, छलफल गर ।

६. शिक्षकले भनेको सुनेर लेख :

शिक्षक साथी ! तलका जस्ता अरू वाक्य सुनाएर लेख्न लगाउनुहोस् र सबैभन्दा राम्रो लेख्नेलाई स्याबासी दिनुहोस् ।

खानेकुरा खेर फाल्नु हुँदैन ।

७. तलको तालिकाबाट मिल्ने वाक्य बनाएर लेख :

राम हरि	र	साथीहरू म	विद्यालय	जान्छौँ । जान्छन् ।

८. तिमीलाई मन पर्ने खानेकुराको वर्णन गर ।

९. तलका कोठेपदबाट खानेकुराका नाम खोजेर लेख :

रो	पी	जु	ना	र	अ	भा	त
को	टी	मा	सु	स्या	जा	सु	र
आ	लु	बे	ते	उ	र	न्त	का
खी	दू	दा	ल	अ	म	ला	री
र	ध	क	भ	ट	मा	स	सा
के	मो	चि	घि	ख	छा	ग	पा
रा	मो	जि	उ	कु	रा	उ	नी
ना	स	पा	ती	रा	ग	द	ही

पाठ १०

नेपाली

– चन्द्रप्रसाद न्यौपाने

हिमालचुली शिर मेरो कल्ले सक्छ छुन ?
गीत गाउँछु नेपालीको नेपाली नै हुन
स्वाभिमानी शान्तिप्रेमी मेरो पहिचान
भावनाको स्वच्छ म त बुद्ध मेरो नाम ।

हारी भागे साम्राज्य ती हारेँ मैले कता ?
उतै फर्क परदेशी खुकुरी हुँ म ता !
कोदालीको बिँड मेरो राइफलको नाल
पसिनाको खेती मेरो जीवनको ढाल ।

स्वाभिमानी को छ भनी विश्वमाझ सोधे
नेपाली नै पुरुषार्थी निष्पक्ष भै बोले ।
नेपालीकै निम्ति लड्छु नेपालीकै गुन
आफैँले नै जानेको छु स्वाभिमानी हुन ।

अभ्यास

१. तलका जोडी शब्द शुद्धसँग पढेर सुनाऊ :

छुन	नाल	शान्ति	बिँड	बुद्ध
हुन	ढाल	क्रान्ति	गिँड	शुद्ध

२. माथिको कविता लय हालेर पढ ।

३. शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
शिर	परिचय
पहिचान	सफा
स्वाभिमानी	शान्ति चाहने
शान्तिप्रेमी	टाउको
स्वच्छ	आफूमा गौरव गर्ने
साम्राज्य	पौरखी
नाल	पक्षपात नगर्ने
ढाल	ठूलो राज्य
पुरुषार्थी	नली
निष्पक्ष	शत्रुको प्रहार छेक्न प्रयोग गरिने कवच

४. तलका प्रश्नको उत्तर देऊ :

(क) नेपालीले किन नेपालीको गीत गाएको हो ?

(ख) नेपालको पहिचान के हो ?

(ग) नेपालीको खेती के हो ?

(घ) नेपाली कस्ता कस्ता छन् ?

(ङ) नेपालीले के हुन जानेको छ ?

५. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

हिमचुली भावना बिँड गुन विश्व

६. तलका हरफ कापीमा सार :

कोदालीको बिँड मेरो राइफलको नाल
पसिनाको खेती मेरो जीवनको ढाल

७. तलको गाउँखाने कविता पढ र त्यसको उत्तर खोज :

झन् जति ताछ्यो, झन् उति ठूलो देखिन्छ बढेको
नताछेसम्म जस्ताको तस्तै त्यो हुन्छ रहेको
के होला त्यस्तो ? कुन चाहिँ वस्तु ? भनिदेऊ मलाई
नभनेदेखि मै भनिदिन्छु गाउँ देऊ मलाई ।

– *दैवज्ञराज न्यौपाने*

८. तलका खाली ठाउँमा मिल्ने शब्द भरेर कविता बनाऊ र कक्षामा सुनाऊ :

बालक हामी.....	कोपिला	कोइली	जोसिला
फुल्नु छ..... फूलझैँ	होली	चमेली	भोलि
..... हाम्रो भविष्य	उकालो	उज्यालो	सुनौलो
..... मा पुग्ने उद्देश्य	लक्ष्य	शिखर	स्कुल
कलम बोक्छु..... लाई	मेट्न	खोप्न	लेख्न
..... बोक्छु पढ्नलाई	पुस्तक	कोदालो	बिरालो
खोज्ने छु..... खेल्नलाई	पाटी	बाती	साथी
चाल्ने छु पाइलो..... लाई	चढ्न	बढ्न	रोक्न

९. तलको राष्ट्रिय गान कक्षामा सुनाऊ :

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

पाठ ११

महाकवि देवकोटा

भाइबहिनी हो ! तिमीहरूले लक्ष्मीप्रसाद देवकोटाको नाम सुनेको हुन सक्छ । उनी नेपाली साहित्यका महाकवि हुन् । उनी वि.सं. १९६६, कात्तिक २७ गते जन्मेका हुन् । उनका बाबुको नाम तिलमाधव देवकोटा हो । आमाको नाम चाहिँ अमरराज्यलक्ष्मी देवकोटा हो । लक्ष्मीप्रसाद देवकोटाको खास नाम तीर्थमाधव देवकोटा हो । उनी जन्मेको दिन लक्ष्मीपूजा परेको थियो । लक्ष्मीपूजाका दिन जन्मेकाले उनको नाम लक्ष्मीप्रसाद राखिएको हो । माथिको चित्र तिनै महाकवि देवकोटाको हो ।

देवकोटाले सानैदेखि कविता लेख्न थालेका थिए । दस वर्षकै उमेरमा उनले 'ईश्वर' शीर्षकमा एउटा कविता लेखेका थिए । यो कविता सुनेर गुरुहरूले उनको खुबै प्रशंसा गरे । यसबाट उत्साहित भएर उनले अरू पनि धेरै कविता लेखे । उनी नेपालका सबैभन्दा ठूला कवि पनि बने ।

'मुनामदन' सबैले मन पराएको किताब हो । यसका कविता गीतजस्तै गाउन सकिने छन् । यसमा देवकोटाले "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।" भनेका छन् । उनलाई मुनामदन

किताब मन पर्थ्यो । मर्ने वेलामा उनले "मेरा अरू किताब जलाइदिए पनि हुन्छ तर मुनामदन चाहिँ नजलाइदिनू" भनेका थिए । यो किताब धेरैले पढ्छन् ।

यस किताबमा भनिएको छ :

हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

देवकोटा सधैँ कविता लेखिरहन्थे । उनी काममा विश्वास गर्थे । उनी धनी गरिब सबैलाई समान ठान्थे । गरिब मानिसलाई देख्दा उनको मनमा दया जागेर आउँथ्यो । त्यस्ता मानिसलाई उनी आफूसँग भएका चिज दिएर सहयोग गर्थे । उनी अत्यन्त उदार थिए । उनी आफ्नो तलबसमेत अरूलाई बाँड्थे । उनका कवितामा दुःखीलाई सहयोग गर्नुपर्छ भन्ने भाव पाइन्छ ।

कविताबाहेक उनले निबन्ध पनि लेखेका छन् । उनका निबन्ध पनि कविताजस्तै राम्रा छन् । देवकोटाले नेपाली भाषामा थुप्रै किताब लेखेर हामीलाई गुन लगाएका छन् ।

धेरै राम्रा कविता र निबन्ध लेख्ने देवकोटा अहिले हामीसँग छैनन् । वि.सं. २०१६ मा उनको मृत्यु भयो । उनी मरेर गए पनि हामी उनलाई सम्झिरहन्छौँ । हाम्रा लागि उनी बिर्सन नसकिने महाकवि हुन् ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ :

साहित्य	लक्ष्मीपूजा	शीर्षक	सम्पत्ति
उत्साहित	विश्वास	निबन्ध	काठमाडौँ

२. तलका शब्दहरूको अर्थ बुझेर पढ :

(क) कविता : लयमा गाउन वा पढ्न मिल्ने रचना

(ख) निबन्ध : भाव व्यक्त भएको गद्य रचना

३. तलका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख :

अर्थ	शब्द
(क) ठूला कवि	.....
(ख) गुणगान	.....
(ग) धन, पैसा	.....
(घ) खुट्टा, गोडा	.....
(ङ) मन	.....
(च) बराबर	.....
(छ) प्रोत्साहित	.....
(ज) उदार	.....
(झ) तलब	.....
(ञ) भाव	.....

४. तलका शब्द शुद्ध पारी लेख :

थुप्रै	सुनदर	पइसा	ईस्वर	राम्रो

५. तलका प्रश्नको उत्तर देऊ :

(क) नेपाली साहित्यका महाकवि को हुन् ?

(ख) देवकोटाका बाबु र आमाको नाम केके हो ?

(ग) मानिस केले ठूलो हुन्छ ?

(घ) देवकोटाले आफूले पाएको तलब के गर्थे ?

(ङ) देवकोटाले केके लेखेका छन् ?

(च) देवकोटाले सबैभन्दा बढी मन पराएको किताब कुन हो ?

(छ) देवकोटाको जन्म कहिले भयो ?

(ज) हामी देवकोटालाई किन सम्झिन्छौं ?

६. तलका शब्दलाई वाक्यमा प्रयोग गरः

जात	कवि	कविता	सम्पत्ति
आनन्द	विश्वास	तलब	गुन

७. राम्रा अक्षर पारी सार :

देवकोटा सधैँ कविता लेखिरहन्थे । उनी काम गर्नुपर्छ भन्ने कुरामा विश्वास गर्थे । उनी धनी गरिब सबैलाई समान ठान्थे । गरिब मानिसलाई देख्दा उनको मनमा दया जाग्थ्यो ।

८. किन धनी मानिस पनि सुखी हुँदैन, छलफल गर ।

पाठ १२

अचम्मको कुरा

(अरुण र सरला कक्षा ३ मा पढ्छन् । उनीहरू सपनाको कुरा गर्दै विद्यालयबाट फर्कंदै छन् ।)



अरुण : सरला, एउटा अचम्मको कुरा सुन्छ्यौ ?

सरला : कस्तो ! अचम्मको कुरा, भन न ?

अरुण : मैले सपनामा देखेको कुरा ! हिजो सपनामा म जात्रा हेर्न गएको थिएँ । मैले त्यहाँ अचम्मको कुरा देखें ।

सरला : तिमी त खालि अचम्मको कुरा मात्र भन्छौ । के देख्यौ, भन न ।

अरुण : साँच्चिकै, झन्डै हामी जत्रा कमिला !

सरला : हामीले जस्तै गरी बोल्ने र हिँड्ने कमिला ?

अरुण : हो त नि । ती कमिलाले लुगा पनि लगाएका थिए । उनीहरू पनि जात्रा हेर्न आएका रहेछन् ।

सरला : आमै ! कस्तो अचम्म !

अरुण : दुवैले कमिज र सुरुवाल लगाएका थिए । एउटाले टोपी लगाएको थियो, अर्काले थिएन ।

सरला : दुवै कमिला उस्तैउस्तै थिए ?

अरुण : अनुहार उस्तै थियो । लुगा पनि उस्तै लगाएका थिए, तर . . .

सरला : के तर ?

अरुण : एउटाको लुगाभरि गोबर नै गोबर लतपतिएको थियो । अर्काको लुगामा जतातत्तै चिनी नै चिनी टाँसिएको थियो ।



सरला : कसरी एउटाको लुगामा चिनी टाँसियो र अर्काकोमा गोबर लतपतियो त ?

अरुण : एउटा कमिलो गोठमा बसेर पशुपालन गर्दो रहेछ, अर्को चाहिँ मिठाई पसलमा बसेर व्यापार गर्दो रहेछ ।

सरला : ती दुवै कमिलाको पहिलेदेखि नै चिनजान रहेछ त ?

अरुण : कहाँ हुनु ! जात्रामा दुवै एकअर्कालाई देखेर जिल्ल परिरहेका रहेछन् । जात्रा सकिएपछि दुवैले आ-आफ्नो परिचय दिए । एउटाको नाम गोबर कमिलो र अर्काको नाम चिनी कमिलो रहेछ ।

सरला : जात्रा सकिएपछि उनीहरू कहाँ गए नि ?

अरुण : चिनी कमिलाले गोबर कमिलालाई आफ्नो घरमा लिएर गयो । म पनि उनीहरूकै पछिपछि लागेँ ।

सरला : तिमीलाई उनीहरूले देखेनन् त ?

अरुण : किन नदेख्नु, तर उनीहरू आफ्नै कुरामा मस्त थिए ।

सरला : अनि ?

अरुण : दुवै कमिला मिठाई पकाइरहेको ठाउँमा पुगे । त्यहाँ मिठाईको बास्ना आइरहेको थियो । चिनी कमिलाले गोबर कमिलालाई सोध्यो, "यो केको बास्ना आएको हो; भन्न सक्छौ ?" गोबर कमिलाले भन्यो, "गोबरको जस्तो लाग्छ ।" यो सुनेर चिनी कमिलो जिल्ल पऱ्यो ।

सरला : उसले मिठाईको बास्ना भनेर थाहा पाएन त ?

अरुण : कहाँ थाहा पाउनु !

सरला : किन थाहा नपाएको त ?

अरुण : त्यो त थाहा भएन तर त्यतिखेरै चिनी कमिलाले गोबर कमिलालाई नियालेर हेऱ्यो । उसले गोबर कमिलाको नाकका प्वालमा गोबर टाँसिएको देख्यो । अनि उसलाई नुहाउन पठायो ।

सरला : नुहाएपछि उसले बास्ना थाहा पायो त ?

अरुण : नुहाएपछि गोबर कमिलो सफा भयो । नाकको प्वालमा टाँसिएको गोबर पनि गइहाल्यो । उसले मिठाईको बास्ना थाहा पायो अनि खुब रमायो ।

सरला : अनि के भयो ?

अरुण : दुवै कमिलाहरू गफ गर्दै थिए, यतिकैमा म बिउँझँ ।

सरला : तिमीले त साँच्चै अचम्मको कुरा पो सुनायौ । यस्तो कुरा त मैले कहिल्यै सुनेकी थिइनँ । तिमीलाई धेरैधेरै धन्यवाद ! ल जाऊँ है ! घर पनि आइपुग्यो ।

अरुण : मेरो पनि आइपुग्न लाग्यो । तिमीलाई पनि धन्यवाद ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

अचम्म | जात्रा | साँच्चै | प्वाल | धन्यवाद

२. अरुण र सरला बनी माथिको संवाद पालैपालो पढेर सुनाऊ ।

३. तलका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख :

अर्थ	शब्द
(क) मीठो स्वादको रोटी	.....
(ख) चिनारी	.....
(घ) गडेर हेर्नु	.....
(ङ) खुसी हुनु	.....

४. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

मिठाई | चिनी | बास्ना | धन्यवाद | गोबर | जात्रा

५. मिलाएर शब्द बनाऊ :

लारस | लामिक | ठाईमि | लप्वा | गालु | उएटा

६. तलका प्रश्नको उत्तर देऊ :

(क) अरुणले जात्रामा के देख्यो ?

(ख) कमिलाहरू कस्ता थिए ?

(ग) कमिलाहरूको नाम केके थियो ?

(घ) जात्रा सकिएपछि कमिलाहरू कहाँ गए ?

(ङ) गोबर कमिलाले किन मिठाईको बास्ना थाहा पाएन ?

७. उदाहरणमा दिएजस्तै गरी दुई वाक्यलाई जोडेर एउटा वाक्य बनाऊ :

उदाहरण :

राम आउँछ । राम पढ्न थाल्छ ।
राम आउँछ अनि पढ्न थाल्छ ।

(क) ऊ गीत गाउँछ । ऊ नाच्न थाल्छ ।

(ख) बा बजार जानुहुन्छ । बा लुगा किन्नुहुन्छ ।

(ग) आमा बगैंचामा जानुहुन्छ । आमा बिरुवा रोप्नुहुन्छ ।

(घ) दिदी विद्यालय जानुहुन्छ । दिदी पढाउनुहुन्छ ।

(ङ) भाइ नुहाउँछ । बहिनी नुहाउँछे ।

८. तलको सूचना पढ र सोधिएका प्रश्नको उत्तर देऊ :

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी आउने समय हो । यस समयमा आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्नुपर्छ । सलाई, लाइटर, मट्टीतेल आदि वस्तु केटोकेटीले भेट्ने ठाउँमा नराख्नुहोस् । जथाभावी आगो बाल्दा हुने दुर्घटनाबारे केटाकेटीलाई सम्झाउनुहोस् ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

(क) कुन समयमा बढी हावाहुरी चल्छ ?

(ख) आगो कस्तो ठाउँमा बाल्नुपर्छ ?

(ग) केटाकेटीले भेट्ने ठाउँमा केके राख्नु हुँदैन ?

(घ) यो सूचना दिने अड्डा कुन हो ?

९. हर्कमानका बारेमा दिइएका तलका कुरा पढ र तिमी पनि आफ्नो बारेमा लेख :

मेरो नाम हर्कमान हो । मेरो घर दोलखामा छ । म तीन कक्षामा पढ्छु । मेरा बा हिमाल चढ्नुहुन्छ । मेरी आमा पसल चलाउनुहुन्छ । मेरी एउटी बहिनी छे । ऊ कक्षा १ मा पढ्छे ।

पाठ १३

घामछाया

– माधव घिमिरे

कति राम्रो छाया कति राम्रो घाम
चउरमा खेल्छन् दुवै एकै ठाम
खोलावारिबाट खोलापारि तर्छन्
डाँडा वारिपारि लुकामारी गर्छन्



जसै घाम बस्छ नरमाइलो मानी
उडी आउँछे छाया शीतल पङ्ख तानी
जसै छाया बस्छे बिनु कोरीबाटी
अनि आउँछ घाम कालो मेघ काटी

घामछाया मिली फूलमा रङ्ग भर्छन्
आफ्नो सीप हेरी आफैं दङ्ग पर्छन्
आकाशको चेलो धरतीकी चेली
सधैं बालापन सधैं हाँसीखेली



अभ्यास

१. तलका शब्द शुद्धसँग पढेर सुनाऊ :

खेल्छन्	तर्छन्	गर्छन्	पङ्ख
बस्छे	कोरीबाटी	दङ्ग	बालापन

२. माथिको कविता लय हालेर गाऊ ।

३. शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
(क) ठाम	पखेटा
(ख) लुकामारी	लुक्ने र भेट्टाउने खेल
(ग) पङ्ख	बालबालिकाको स्वभाव
(घ) बिनु	ठाउँ
(ङ) मेघ	छात्र
(च) चेलो	छात्रा
(छ) चेली	विना, बाहेक
(ज) बालापन	बादल

४. तल दिएजस्तै खालका अरू शब्द लेख :

भर्छन्, पर्छन्, ... , ... , ...

मानी, तानी, ... , ... , ...

घाम, काम, ... , ... , ...

माला, गाला, ... , ... , ...

५. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) चउरमा केके खेल्छन् ?

(ख) घाम र छाया कहाँ लुकामारी गर्छन् ?

(ग) छाया कसरी हराउँछ ?

(घ) आकाशको चेलो र धरतीकी चेली भनेका केके हुन् ?

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

आफ्नो	आफ्ना	राम्रो	राम्रा
सानो	साना	मेरो	मेरा

७. तलका शब्दहरू क्रममा मिलाई वाक्य बनाऊ :

उदाहरण :

खेल्छन्	साथीहरू	चउरमा	।

साथीहरू चउरमा खेल्छन् ।

(क) घाम छाया र खेल्छन् लुकामारी ।

(ख) गीतँ जान्छे सधैँ धारामा ।

(ग) तपाईं गाउनुहुन्छ । सधैँ गीत

(घ) तँ रुन्छस् किन ?

(ङ) देखाऊ लेखिसकेपछि पलाई ।

८. उदाहरणमा दिएजस्तै गरी वाक्य बनाऊ :

उदाहरण :

न घाम लाग्यो, न पानी पऱ्यो ।

घाम पनि लागेन, पानी पनि परेन ।

(क) न तिमी आयौ, न राम आयो ।

(ख) न भोक लाग्यो, न तिर्खा लाग्यो ।

(ग) न राम फर्क्यो, न सीता आई ।

(घ) न बादल लाग्यो, न पानी पऱ्यो ।

(ङ) न भात पाक्यो, न दाल पाक्यो ।

९. तिमीले जानेको गीत वा कविता लेखेर कक्षामा सुनाऊ ।

पाठ १४

बाँदर र गोही

उहिलेको कुरा हो । नदीको छेउमा एउटा ठूलो रूख थियो । रूखमा बाँदर बस्थ्यो । नदीमा एउटा गोही पनि बस्थ्यो । दिनभर दुवै आहार खोज्न निस्कन्थे । गोही विभिन्न जीवजन्तुको सिकार गर्थ्यो । बाँदर जङ्गलभर डुलेर फलफूल खान्थ्यो ।

एकदिन बाँदर एक झुप्पो अङ्गुर लिई फर्कियो । ऊ रूखमा बसेर अङ्गुर खान थाल्यो । अङ्गुरका केही दाना तल खसे । गोहीले खसेको अङ्गुर टिपेर खायो । उसलाई अङ्गुर असाध्यै मीठो लाग्यो ।



"अभै अङ्गुर खान पाए हुन्थ्यो ।" उसले मनमनै विचार गऱ्यो ।

एकछिनपछि उसले भन्यो, "बाँदर भाइ ! अङ्गुर त मीठो रहेछ । मलाई अभै अलिकति देऊ न !"

"लौ खाऊ !" बाँदरले आठदस दाना अङ्गुर खसाल्यो ।

अब बाँदरले आफूले ल्याएका केही फलफूल गोहीलाई पनि दिन थाल्यो । उनीहरू नजिकका साथी बनेर बस्न थाले । यसरी नै उनीहरूका धेरै दिन बिते ।

एकदिन गोहीले मनमनै सोच्यो, "यो बाँदर मीठामीठा फल खान्छ । यसको मुटु कलेजो त झन् कति मीठो होला । यसलाई खान पाए त अभै कति मज्जा हुन्थ्यो !" उसको मुख रसायो । गोहीले बाँदरलाई खाने विचार गऱ्यो ।

भोलिपल्ट गोहीले भन्यो, "बाँदर भाइ ! आज तिमी र म यस नदीको पारिपट्टि घुम्न जाऔँ । त्यतातिर कस्तो रमाइलो ठाउँ छ !"



बाँदरलाई पनि घुम्न मन लागेको थियो । उसले गोहीको कुरा मान्यो । गोहीले पिठिउँमा राखेर गोहीले बाँदरलाई नदीको बीचसम्म लग्यो ।

बाँदर पनि रमाउँदै थियो । गोहीले च्याप्प समात्यो र भन्यो, "मैले तँलाई यहाँ घुमाउन ल्याएको होइन ! अब त म तेरो मुटु र कलेजो खान्छु ।"

बाँदर अलिकति पनि आत्तिएन । उसले चलाखीसाथ भन्यो, "हुन त हुन्थ्यो नि गोही दाइ ! तर के गर्नु, मैले मुटु कलेजो रूखमै झुन्ड्याको छ । अब मलाई खाएर के गर्छौ ? मेरो मुटु र कलेजो खाने भए उहीँ फर्क । नत्र मलाई खाने इच्छा त्याग ।

"त्यसो भए छिटो जाऔँ !" गोहीले बाँदरलाई पहिलेकै ठाउँमा पुऱ्यायो ।

बाँदर हतारहतार रूखमा चढ्यो र भन्यो, "खालास् मुटु र कलेजो ! यसरी धोका दिइस् भने तेरा कोही साथी हुँदैनन्, बुझिस् !"

चलाख बाँदरले गोहीलाई जिल्यायो ।

अभ्यास

१. तलका शब्दहरू शुद्धसँग पढ र कापीमा लेख :

जङ्गल	झुप्पो	च्याप्प
मूर्ख	झुन्ड्याउनु	जिल्याउनु

२. तलका शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
(क) मुख रसाउनु	अतालिनु
(ख) आहार	बेइमानी गर्न
(ग) आत्तिनु	मुखमा पानी आउनु
(घ) धोका दिनु	खानेकुरा, भोजन

३. तलका शब्द शुद्ध पारी सार :

गोई साथि पिठिऊँ खान्थियौ हुदैनन्

४. तलका प्रश्नको जवाफ देऊ :

(क) बाँदर र गोही कहाँ बस्थे ?

(ख) गोहीले कोसँग अङ्गुर माग्यो ?

(ग) गोहीले पिठिउँमा बोकेर बाँदरलाई कता लग्यो ?

(घ) बाँदरको मुटु र कलेजो खान गोही किन तम्सियो ?

(ङ) बाँदरले गोहीलाई कसरी जिल्यायो ?

(च) यो कथा पढेर तिमीले के बुझ्यौ ?

५. तलको तालिकाबाट मिल्ने वाक्य बनाई लेख :

तिमी		खान्छन् ।
म		खान्छ ।
तपाईं	खाजा	खान्छौं ।
हामी		खान्छौ ।
ऊ		खानुहुन्छ ।
उनीहरू		खान्छु ।

६. तलका खाली ठाउँमा बाकसबाट मिल्ने शब्द राखी कथा बनाऊ र सार :

जाडो	कोट	बाँदर

लट्ठी	मानिस	केटाकेटी	लुगा

एउटा ..... थियो । त्यसलाई ..... भयो ।

त्यसले एउटा घरमा ..... सुकाएको देख्यो । त्यसले सुकाएको एउटा ..... चोऱ्यो र लगायो । त्यसले एउटा ..... टेक्यो । त्यो ..... जस्तै हिँड्न थाल्यो । उसलाई देखेर ..... हाँस्न थाले ।

७. रेडियोमा सुनेको, टेलिभिजनमा हेरेको वा कहीँ पढेको कुनै कथा कक्षामा सुनाऊ ।

८. तलका अक्षर र मात्रा मिलाएर हुनेसम्म धेरै शब्द बनाऊ :

क	ग	त	ल	ा	ि	ी	ु	ो

९. तलको पोस्टर पढ र सोधिएका प्रश्नको उत्तर देऊ :



(क) किन दिनहुँ दाँत माझ्नुपर्छ ?

(ख) चर्पी फोहोर भए के हुन्छ ?

(ग) फोहोर कहाँ फाल्नुपर्छ ?

(घ) सरसफाइमा ध्यान नदिए के हुन्छ ?

पाठ १५

सगरमाथा



सगरमाथा संसारको सबभन्दा अग्लो हिमाल हो । यो सोलुखुम्बु जिल्लामा पर्छ । यसै हिमालबाट सगरमाथा अञ्चलको नाम पनि रहेको छ । सगरमाथा ८,८४८ मिटर अग्लो छ । यसका वरिपरि अरू पनि अग्लाअग्ला हिमाल छन् ।

सगरमाथा हाम्रो देशको गौरव हो । यसलाई माउन्ट एभरेस्ट पनि भनिन्छ । विदेशीहरू नेपाललाई माउन्ट एभरेस्टको देश भनेर चिन्छन् । उनीहरू सगरमाथा हेर्न र आरोहण गर्न आउँछन् । सगरमाथा आरोहण गर्नु कठिन कार्य हो । सबैभन्दा पहिला सगरमाथा आरोहण गर्ने व्यक्ति तेन्जिङ नोर्गे र एडमन्ड हिलारी हुन् । हिजोआज भने सगरमाथा चढ्नेको सङ्ख्या धेरै पुगिसकेको छ ।

सगरमाथा राष्ट्रिय निकुञ्जको नाम पनि यही हिमालको नामबाट रहेको हो । सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा परेको छ । यो निकुञ्ज नेपालको मात्र नभएर विश्वकै अमूल्य सम्पत्ति मानिन्छ । यस राष्ट्रिय निकुञ्जमा दुर्लभ वनस्पति र प्राणी पाइन्छन् । यहाँ गोब्रे सल्लो, ठिँगुरे सल्लो, धुपी सल्लो, भोजपत्र आदि बोटबिरुवा पाइन्छन् । चैत वैशाखमा गुराँस फुलेर राष्ट्रिय निकुञ्जका वनपाखा सबै रातै हुन्छन् ।

सगरमाथा राष्ट्रिय निकुञ्जमा कस्तूरी मृग, हिमाली भालु, हिमचितुवा, घोरल, थार, झारल, हिमब्वाँसो जस्ता वन्यजन्तु पाइन्छन् । यहाँ डाँफे र हिमकुखुरा पनि पाइन्छन् ।

सगरमाथाको तल्लो भागमा केही बस्तीहरू छन् । यहाँका प्रमुख बस्तीमा नाम्चेबजार एक हो । नाम्चेबजारमा केही सरकारी अड्डा र होटलहरू छन् । खुमजुङ, खुँडे, दिङबोचे, पाङबोचे आदि गाउँ पनि छन् ।

यी ठाउँमा शेर्पाहरू बस्छन् । शेर्पाहरू हिमाल चढ्न खप्पिस हुन्छन् । यिनीहरू पाहुनालाई आदर गर्छन् । शेर्पाहरू ल्होसार जस्ता पर्व रमाइलो गरी मनाउँछन् । शेर्पाका रमाइला पर्वमा विदेशी पनि रमाउँछन् । यसरी सगरमाथा क्षेत्रका धेरै कुराले विदेशी पर्यटकको मन लोभ्याएको छ ।

अभ्यास

१. पढेर सुनाऊ :

सोलुखुम्बु, अञ्चल, राष्ट्रिय, निकुञ्ज, माउन्ट एभरेस्ट, व्यक्ति, विश्व, संरक्षण, प्राणी, वनस्पति, कस्तूरी मृग, हिमब्वाँसो, ल्होसार, जिल्ला

२. शब्द र अर्थको जोडा मिलाऊ :

(क) गौरव	सम्पत्ति
(ख) सम्पदा	पाउन कठिन
(ग) आरोहण	जीवजन्तु
(घ) निकुञ्ज	सिपालु
(ङ) दुर्लभ	चढ्ने काम
(च) वनस्पति	चाडबाड
(छ) प्राणी	प्राणी र वन जोगाउन राखिएको ठाउँ
(ज) बस्ती	मान
(झ) खप्पिस	बोटबिरुवा
(ञ) पर्व	बसोबास, गाउँ

३. दिइएका शब्द मिल्ने गरी राखेर तलका वाक्य कापीमा सार :

राष्ट्रिय	लोभी	विदेशी	अमूल्य	सरकारी

(क) डाँफे हाम्रो ..... चरो हो ।

(ख) हिमाल र वनपाखा हाम्रा ..... सम्पत्ति हुन् ।

(ग) नेपाल घुम्न धेरै ..... आउँछन् ।

(घ) हाम्रो गाउँमा पनि ..... अड्डा छन् ।

(ङ) ..... मानिसले अरूलाई केही दिँदैनन् ।

४. तलका प्रश्नको उत्तर देऊ :

(क) संसारको सबभन्दा अग्लो हिमालको नाम के हो ?

(ख) निकुञ्ज भनेको के हो ?

(ग) सगरमाथाको फेदीका बस्तीहरूको नाम केके हो ?

(घ) चैत वैशाखमा सगरमाथा राष्ट्रिय निकुञ्ज कस्तो देखिन्छ ?

(ङ) सगरमाथा राष्ट्रिय निकुञ्जलाई किन विश्वकै सम्पत्ति हो ?

(च) सगरमाथा राष्ट्रिय निकुञ्जमा पाइने दुर्लभ वनस्पति र प्राणीहरूका नाम लेख ।

५. शुद्ध पारेर कापीमा सार :

सेरपा	लोर्खके	पयर्टक	अगलो
सललो	डाफे	गुरासँ	अडा

६. शिक्षकले भनेको सुनेर लेख :

शिक्षक साथी ! यस श्रुतिलेखनका लागि तल दिएजस्ता शब्दहरू सुनाएर विद्यार्थीलाई संयुक्त अक्षर भएका शब्दहरूको श्रुतिलेखनको अभ्यास गराउनुहोस् :

पर्व, खप्पिस, अमूल्य, प्राणी, जन्तु, बस्ती, लोभ्याउनु आदि ।

७. तलको चित्र हेर र त्यहाँ भएका कुरा भन :



८. शब्दको अन्तको अक्षरबाट बन्ने दसओटासम्म शब्द लेखे शिक्षकलाई देखाऊ ।

उदाहरण :

पहाड डमरु रुमाल लहरो .....

९. तलको छोटो कथा पढेर सोधिएका प्रश्नमा छलफल गर :

पूर्णबहादुर नाम भएको एउटा किसान थियो । उसको छोराको नाम कर्णबहादुर थियो । पूर्णबहादुरले घर नजिकै सुन्तलाको एउटा बिरुवा रोपेको थियो । पूर्णबहादुर दिनदिनै सुन्तलाको बिरुवामा पानी हाल्थ्यो । सुन्तलाको बिरुवा भने हरियो नभएर पहेँलो हुँदै गयो ।

पूर्णबहादुरले छोरालाई भन्यो, "यो बिरुवा सर्दैन क्यारे ।"

कर्णबहादुरले भन्यो, "हो बुबा, यो बिरुवा सर्दैन । यसले जरा हालेकै छैन ।"

पूर्णबहादुरले सोध्यो, "जरा हालेको छैन भन्ने कसरी थाहा पाइस् ?"

कर्णबहादुरले भन्यो, "म दिनदिनै उखेलेर यसको जरा हेर्छु अनि फेरि रोपिदिन्छु ।"

(क) बिरुवा सर्नु भनेको के हो ?

(ख) सुन्तलाको बिरुवा नसर्नुको कारण पूर्णबहादुरले कसरी थाहा पायो ?

१०. पाठमा दिएको चित्रलाई पाँच वाक्यमा वर्णन गर ।

पाठ १६

सानु छ है सानु

– कृष्णप्रसाद पराजुली

सानु छ है सानु
नयाँ घरको छानु
आफ्नो घर छाडेर
अन्त कहाँ जानु ?

छरी दानुदानु
पारी पाथीमानु
चलाई आफ्नै पाखुरी
मीठो लाग्छ खानु

हिमाल होइन चुली
नाकमा लाउने फुली
चुप लागी के बस्नु
अरू ठाउँ भुली !

गाउँछु आज खुसीमा
दुई चरण खुली
काममा लाग्ने मान्छेलाई
गर्दै जान्छु ठुली !



अभ्यास

१. तलका शब्द शुद्धसँग पढेर सुनाऊ :

अन्त पाथी हिमाल चरण ठुलि

२. माथिको कविता लय हालेर गाऊ ।

३. तलका अर्थसँग मेल खाने शब्द पाठबाट खोजेर लेख :

अर्थ	शब्द
(क) अन्यत्र	.....
(ख) आठ माना नाप्ने भाँडो	.....
(ग) दस मुठी नाप्ने भाँडो	.....
(घ) हिउँचुली	.....
(ङ) गीतको पङ्क्ति	.....
(च) बालबोलीमा ढोगलाई जनाउने शब्द	.....

४. छुटेका पङ्क्ति पूरा गर :

सानु छ है सानु

..... छानु

आफ्नो .....

..... जानु ?

५. तलका प्रश्नको उत्तर देऊ :

(क) नयाँ घरको छानु कत्रो छ ?

(ख) दानु छर्नु भनेको के हो ?

(ग) पाखुरी चलाएर खानु भनेको के हो ?

(घ) नाकमा लाउने गहनालाई के भनिन्छ ?

(ङ) आफ्नो काम राम्रोसँग गर्ने मान्छेलाई के गर्नुपर्छ ?

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

छानु | पाखुरी | फुली | ठुली

७. तलका शब्द पढ र विचार गर :

सानु - सानो | छानु - छानो | दानु - दानो | मानु - मानो

८. पछाडि 'ली' भएका शब्दहरू पाठबाट खोजेर लेख :

(क)..... (ख)..... (ग).....

(घ)..... (ङ).....

९. तिम्रो घरको चित्र बनाऊ र त्यसको वर्णन गर ।

पाठ १७

वीरमानका दिन फर्किए

कुनै गाउँमा एउटा किसान थियो । उसको नाम वीरमान थियो । वीरमानको आफ्नै वन थियो । वनबाट वीरमानलाई धेरै कुराको फाइदा भएको थियो । आफ्नै वनको घाँसपात खुवाएर उसले गाई, भैंसी र बाख्रा पालेको थियो । घरमा दूध, दहीको खाँचो थिएन । दूध, घिउ र खसीबोका बेचेर उसले राम्रै आमदानी गरेको थियो ।

गाईवस्तुको मलले खेतबारीमा उत्पादन राम्रै हुन्थ्यो । वीरमानलाई काठदाउराको खाँचो थिएन । वीरमानको घरवरिपरिको वातावरण पनि स्वच्छ र रमाइलो नै थियो । यस किसिमले वीरमानको घरमा कुनै कुराको अभाव थिएन ।

एकदिन कृष्णबहादुरले वीरमानलाई वनका रूख बेच्न उक्सायो । वीरमानले कृष्णबहादुरको कुरो मान्यो । उसले वनका रूख काटेर बेच्न थाल्यो । केही दिनमै वीरमानको हरियो वन नाङ्गो भयो ।

वर्षायाममा पानी पऱ्यो र वीरमानको घरछेउमा ठूलो पहिरो गयो । पहिरोले वस्तुभाउसहितको गोठ र खेतबारीसमेत बगायो । वीरमानको घरै पनि पहिरोमा पर्ला जस्तो भयो ।
वीरमानलाई दुःखैदुःखले सतायो । दुःखमा वीरमान धेरै दिन पिरोलियो ।

धेरै दिनको दु:खपछि वीरमानलाई आफूले गरेको गल्ती थाहा भयो । वन फँडानीका कारण आफूलाई यस्तो विपत्ति आएको उसले महसुस गऱ्यो । उसले पहिरो गएको ठाउँमा फेरि बिरुवा रोप्न सुरु गऱ्यो । वीरमानले बिरुवामा पानी र मल हाल्यो । बिरुवा पनि हुर्कँदै गए ।

पाखो जमिन हरियो देखिन थाल्यो । भूक्षय रोकिँदै गयो । पहिराको डर भएन । घाँस पलाउन थालेपछि वीरमानले फेरि बाखापाठा पाल्न थाल्यो । बाखापाठाबाट भएको आमदानीले गाई किनेर पाल्यो । त्यसपछि भैँसी किन्यो । वीरमानको गोठ फेरि भरियो । बाली पहिले जस्तै लहलह हुन थाल्यो । नौदस वर्षमै वीरमानका दिन फेरि फर्किए ।

अभ्यास

१. तलका शब्द शुद्धसँग पढेर सुनाऊ :

कृषि, कृष्ण, उत्पादन, उक्सायो, खाँचो, फँडानी, चराचुरुङ्गी, नाङ्गो, अवस्था, वर्षा, स्वच्छ

२. फरक बुझ :

तीन - टिन

पाटो - पातो

थोक - ठोक

धोका - ढोका

तोक्नु - टोक्नु

३. शब्द र अर्थको जोडा मिलाऊ :

शब्द	अर्थ
घाँसपात	खाँचो/कमी
अभाव	घाँस, स्याउला आदि
विनाश	दुःख
आपत	नाश, क्षति
महसुस	बढाउनु
हुर्काउनु	माटो बग्ने क्रिया
भूक्षय	अनुभव

४. तलका शब्द राखेर वाक्य बनाऊ :

उत्पादन	कृषि	आमदानी	उक्साउनु	फाँड्नु

५. समूहमा नमिल्ने शब्दमा घेरा लगाऊ :

(क) दूध, दही, घिउ, पानी

(ख) खसी, गाई, बाखो, बोको

(ग) जरा, माटो, पात, हाँगा

६. तलका प्रश्नको उत्तर देऊ :

(क) वीरमानले केके पालेको थियो ?

(ख) वीरमानको घर वरिपरिको वातावरण किन रमाइलो थियो ?

(ग) वीरमानले किन रूख काटेर बेच्यो ?

(घ) वीरमानले किन दुःख पायो ?

(ङ) वीरमान कसरी पहिलेजस्तै फेरि सुखी भयो ?

७. पाठका आधारमा तलका वाक्यलाई क्रम मिलाएर सार :

(क) वीरमानको हरियो वन नाङ्गो भयो ।

(ख) वस्तुभाउसहितको गोठ र खेतबारीसमेत बगायो ।

(ग) वीरमानको घरमा कुनै कुराको अभाव थिएन ।

(घ) धेरै दिनको दु:खपछि वीरमानलाई आफूले गरेको गल्ती थाहा भयो ।

८. तिमीले घरमा केके जनावर पालेका छौं, त्यसबाट हुने फाइदा बताऊ ।

९. ठीक चिह्न (।, ?) प्रयोग गरी तलका वाक्य सार :

(क) मेरो घरमा बा, आमा, दाजु र दिदी छन्

(ख) म तीन कक्षामा पढ्छु

(ग) तिम्रो घरमा कोको छन्

(घ) तिमी कति कक्षामा पढ्छौ

१०. आफ्ना गाउँका बारेमा धनमायाले लेखेका कुरा पढ र तिमी पनि आफ्ना गाउँका बारेमा लेख ।

मेरो नाम धनमाया राई हो । मेरो घर पाँचधारेमा छ । पाँचधारे भोजपुर जिल्लामा पर्छ । यहाँ एकै ठाउँमा पाँचओटा धारा छन् । यहाँ एउटा प्राथमिक विद्यालय छ । यहाँ एउटा हुलाक पनि छ । यहाँ एकादशीका दिन हाट लाग्छ ।

पाठ १८

छट्टु बटुवा

कुनै गाउँमा एउटा किसान बस्थ्यो । किसानका एक हल गोरु थिए । एउटा गोरु बलियो थियो । अर्को गोरु भने अलि दुब्लो र लोसे थियो । दुब्लो गोरु जोत्ने मेलामा थ्याच्च थ्याच्च बस्ने गर्थ्यो । यसले किसानलाई पिर परेको थियो ।

दुब्लो गोरुको चालाले किसानलाई दिक्क लाग्यो । ऊ खेतको आलीमा टुसुक्क बस्यो । उसले एक आम्खोरा पानी पनि कलकल खायो ।

किसानले एकजना बटुवा आफूतिर आइरहेको देख्यो । बटुवा ऊ भएतिरै आयो । किसान भने खिन्न भई टाउको समातेर बसेको थियो ।

बटुवाले सोध्यो, "ए, दाइ ! तपाईंलाई के भयो ?"

"हेर्नुहोस् न, एउटा गोरुले साह्रै दुःख दियो । अलिकति जोत्यो कि बसिहाल्छ । हैरान पाऱ्यो, खै के गर्ने ; कुनै उपाय छ कि ?" किसानले भन्यो ।

बटुवाले भन्यो, "त्यसो भए म तपाईंलाई एउटा उपाय सिकाइदिन्छु । पाखातिर गएर अलिकति कमेरो ल्याउनुहोस् । कमेरोलाई पानीमा घोल्नुहोस् । अनि त्यो कमेरो गोरुको जिउभरि दल्नुहोस् । त्यति गरेपछि तपाईंको गोरु कहिल्यै पनि बस्दैन ।"

किसानले भन्यो, "अहो ! खुब राम्रो उपाय सिकाइदिनुभयो ! अब म त्यसै गर्छु ।"

कमेरे पाखामा गएर किसानले कमेरो ल्यायो र गोरुको जिउमा दल्यो । कमेरो दलेपछि केही बेर गोरु बसेन । किसान खुब खुसी भयो । उसले भन्यो, "तपाईंले धेरै राम्रो उपाय सिकाउनुभयो । तपाईंलाई धेरै धन्यवाद । मेरो घर त्यो माथिको डाँडामा छ । घरमा जानुहोस् र दही मागेर खानुहोस् । म एकछिनपछि आउँछु । अनि दुःखसुखका कुराकानी गरौंला ।"

बटुवा पनि विस्तार विस्तार किसानको घरतिर लाग्यो ।

किसानको घरमा किसानकी स्वास्नी मात्र थिई । बटुवाले किसानकी स्वास्नीलाई भन्यो, "नमस्ते, भाउजू ! दाइले मेरो

गोरु किन्नुभयो । घर गएर पैसा लिनुहोस् र दही पनि खाएर जानुहोस् भन्नुभएको छ । पाँच हजार रुपियाँ चाँडै दिनुहोस् ।" मलाई अलिक हतार पनि छ ।

किसानकी स्वास्नी विचारवान् थिई । उसले विचार गरी, "गोरु किनेको हो वा होइन हेर्नुपर्‍यो ।"

किसानकी स्वास्नीले खेततिर हेरी । उसले खेतमा जोत्दै गरेको सेतो गोरु देखी । तैपनि लोग्नेलाई नसोधी कसरी पैसा दिऊँ भन्ने उसलाई लाग्यो । ऊ कराई, "ए, भुन्टेका बा ! भुन्टेका बा !"

"किन बोलाएकी ए ! भुन्टेकी आमा !" भुन्टेको बाले पनि तल खेतबाट नै करायो ।

"बटुवालाई तपाईंले पठाउनुभएको हो ।"

"हो, देऊ, देऊ । झिकेर देऊ ।"

लोग्नेले देऊ भनेकाले स्वास्नीले पनि पहिले उसलाई दही खान दिई । त्यसपछि पाँच हजार रुपियाँ पनि दिई ।

बेलुका लोग्ने चाहिँ खेतबाट फर्क्यो ।

स्वास्नीले सोधी, "ए, भुन्टेका बा ! नयाँ गोरु कस्तो रहेछ हँ ? जोत्दाखेरि बस्यो कि बसेन ?"

"के भन्छे यो ? कुन नयाँ गोरु ? कस्तो नयाँ गोरु ?"

लोग्नेको कुरा सुनेर स्वास्नीलाई पनि अचम्म लाग्यो ।

उसले भनी, "अनि बटुवासँग गोरु किनेको होइन ?"

लोग्नेले जवाफ दियो, "कहाँ गोरु किन्नु, बस्ने गोरुलाई कमेरो दलेको पो त ।"

स्वास्नी आत्तिई, "हत्तेरी !"



"किन ? के भयो ?"

"बटुवाले त पाँच हजार रुपियाँ लिएर गयो । तपाईंले उसको गोरु पाँच हजारमा किन्नुभएको भन्यो । मैले पनि खेतमा हेर्दा सेतो गोरु देखेँ । नयाँ गोरु किन्नुभएछ भन्ने लाग्यो ।"

"किन पाँच हजार रुपियाँ दिएकी त ?"

"बटुवालाई तपाईंले पठाएको हो भनेर मैले तपाईंलाई सोधेँ । तपाईंले पनि देऊदेऊ, झिकेर देऊ भन्नुभयो, मैले के गर्ने त !"

"मैले त दही दिन पो तिमीलाई 'देऊ देऊ' भनेको त । बटुवालाई पनि दही मागेर खानुहोस् भनेको थिएँ । के गर्ने, हरे शिव ! कस्तो छट्टु रहेछ !"

स्वास्नी रुन थाली ।

यसरी एउटा छट्टु बटुवाले तिनीहरूलाई झुक्यायो ।

अभ्यास

१. तलका शब्दहरूको अर्थ बुझेर पढ :

खुब	=	धेरै
दिक्क मान्नु	=	मनमा नरमाइलो लाग्नु
आली	=	पानी थुन्न खेतमा लगाइने डिल
आम्खोरा	=	पानी खाने एक प्रकारको भाँडो

बटुवा = बाटो हिँड्ने मानिस

उपाय = तरिका

पाखो = भिरालो जग्गा

कमेरो = लिपपोत गर्ने सेतो माटो

झुक्याउनु = ठग्नु

२. ठीक बेठीक छुट्याएर ठीक चाहिँ कापीमा सार :

(क) किसानको एउटा गोरु लोसे थियो ।

किसानका दुवै गोरु लोसे थिए ।

(ख) बटुवाले माटो दल्ने उपाय सिकायो ।

बटुवाले कमेरो दल्ने उपाय सिकायो ।

(ग) किसानकी स्वास्नीले बटुवालाई दही दिई ।

किसानकी स्वास्नीले बटुवालाई मही दिई ।

(घ) किसानले पाँच हजार रुपियाँमा गोरु किन्यो ।

किसानले गोरु नै किनेको थिएन ।

३. मिल्दो शब्द छानी वाक्य पूरा गर :

दुब्लो | खुब | आली | रुपियाँ | उपाय

(क) एउटा गोरु बलियो र अर्को गोरु ..... थियो ।

(ख) किसान ..... मा टुसुक्क बस्यो ।

(ग) तिमी ..... राम्रा छौ ।

(घ) तपाईं एउटा ..... सिकाइदिनुहोस् ।

(ङ) उसले सय ..... पायो ।

४. तलका प्रश्नको उत्तर देऊ :

(क) किसानलाई कुन कुराले पिर परेको थियो ?

(ख) बटुवालाई देखेर किसानले के विचार गऱ्यो ?

(ग) बटुवाले किसानलाई कस्तो उपाय सिकाइदियो ?

(घ) बटुवाले किसानकी स्वास्नीलाई के भन्यो ?

(ङ) किसानले आफ्नी स्वास्नीसँग बटुवालाई के दिनु भनेको हो ?

(च) छट्टु बटुवाले कसरी झुक्यायो ?

५. कसले कसलाई भनेको हो, लेख :

(क) ए दाइ ! तपाईंलाई के भयो ?

(ख) मेरो एउटा गोरुले साह्रै दुःख दियो ।

(ग) पाखातिर गएर अलिकति कमेरो ल्याउनुहोस् ।

(घ) मेरो घर ऊ त्यो डाँडामा छ ।

(ङ) तपाईंका लोग्नेले मेरो गोरु किन्नुभयो ।

(च) पाँच हजार रुपियाँ दिनुहोस् ।

(छ) नयाँ गोरु कस्तो छ हँ ?

(ज) के गर्ने, हरे शिव !

६. तलको तालिकाबाट वाक्यहरू बनाऊ :

किसानकी रामकी	स्वास्नीले छोरीले	घर गाई सिनेमा	हेरी ।

७. ठीक र बेठीक छुट्याऊ र ठीक चाहिँ ठीक छ, कापीमा सार :

उदाहरण :

	किसानकी स्वास्नी (ठीक)	किसानको स्वास्नी (बेठीक)
(क)	भुन्टेकी आमा	भुन्टेको आमा
(ख)	रामको बहिनी	रामकी बहिनी
(ग)	उसकी भाइ	उसको भाइ
(घ)	सीताको लोग्ने	सीताकी लोग्ने

८. तलका शब्द पढ र भाले बुझाउने र पोथी बुझाउने शब्द तालिकामा छुट्टाछुट्टै लेख :

दाजु, स्वास्नी, लोग्ने, भाउजू, कुखुरो, माइजू, कुखुरी, पाढी, काका, बाछो, छोरो, बाछी, बुहारी, काकी, पाठो, मामा

भाले बुझाउने	पोथी बुझाउने

९. कापीमा सारेर धर्का तानी जोडा मिलाऊ :

(क) टुसुक्क	उठ्नु
(ख) कलकल	टोक्नु
(ग) जुरुक्क	बस्नु
(घ) टपक्क	हेर्नु
(ङ) कुटुक्क	पानी खानु
(च) पुलुक्क	टिप्नु

१०. अभ्यास ९ का शब्दहरू तलका खाली ठाउँमा राखी वाक्य पूरा गर :

ऊ खेतको आलीमा ..... बस्यो । उसले ..... पानी खायो । त्यसपछि ऊ ..... उठेर गयो । उसले भुइँमा खसेको सुपारी ..... टिप्यो । अनि सुपारीलाई ..... टोक्यो । सुपारी टोकिसकेपछि मलाई ..... हेऱ्यो ।

कक्षा ३ को कक्षागत गीत

धेरै पढ्छौं, धेरै लेख्छौं, साना-साना नानी
(बुद्धजस्तै त्यागी बन्छौं, जनकझैं ज्ञानी)२
रूप-गुण-शीलवती, हिउँजस्तै गोरी
उमा-सीता-भृकुटी हुन्, (नेपालकै छोरी)२
भाइ-बैनी सबैलाई, बराबर ठानी
(बुद्धजस्तै त्यागी बन्छौं, जनकझैं ज्ञानी)२

पढी-लेखी सिक्छौं हामी, अरनिकोझैं सीप
बाल्छौं पृथ्वी-भानुले झैं, (एकताको दीप)२
फहराउँछौं विश्वभरि नेपाली निशानी
(बुद्धजस्तै त्यागी बन्छौं, जनकझैं ज्ञानी)२

मेचीदेखि महाकाली, पहाड-मधेश
नेपाली हौं सबै हामी, (नेपाल हाम्रो देश)२
एकै स्वर, एकै लय, एउटै आनी-बानी
(बुद्धजस्तै त्यागी बन्छौं, जनकझैं ज्ञानी)२

धेरै पढ्छौं, धेरै लेख्छौं, साना-साना नानी
बुद्धजस्तै त्यागी बन्छौं, जनकझैं ज्ञानी

गीतकार : रत्न साङपाङ राई
सङ्गीतकार : नातिकाजी श्रेष्ठ

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

मुद्रक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

ISBN 999337179-3
9 789993 371793